मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक २११ ● २०८१ साल असार ०६ गते बिहीबार ● Thursday 20, June 2024 ● सूर्योदयः बिहान ५:११ बजे ● सूर्यास्तः साँझ ७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## बजेट निर्माणमा समय कम भयोः मन्त्री



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

मधेश प्रदेशका अर्थमन्त्री भरत प्रसाद साहले बजेट निर्माण गर्दा थोरै समय पाइएका कारण बजेटमा केही कमीकमजोरी रहेको स्वीकार गरेका छन । उनले बजेट कार्यान्वयनमा चुनौती रहे पनि त्यसलाई वर्तमान सरकारले सहजरुपमै पार लगाउने जिकिर गरे ।


मन्त्रालयले बजेटलाई लिएर गरेको पत्रकार सम्मेलनमा मन्त्री साहले विगत भन्दा यसपटकको सरकार फरक पार्टी र परिवेशमा निर्माण भएका कारण यसले जनताको अपेक्षा धेरै भन्दा धेरै पूरा गर्नेसमेत बताए । उनले भने, 'पहिले धेरै कुराको निर्णय गर्दा केन्द्रको मुख ताक्नु पथ्र्यो तर अहिले त्यो अवस्था छैन, हामी सबै दलहरु छलफल गरेर नै सबै कुरामा सही निर्णय गर्छौं ।' साहले स्थानीय तहलाई समानरुपमै अनुदान दिनेसमेत जिकिर गरे । मन्त्री साहले विगतको सरकारमा टुक्रे योजना धेरै हुने र योजनाको खरिद बिक्रीसमेत हुने गरेका कारण समस्या आएको बताउँदै यसपटक टुक्रे योजना हटाइएको र अधिकांश योजनाको काम टेण्डरमार्फत नै हुने भएकाले काम गर्न सहज हुने बताए ।

साहले धेरै भन्दा धेरै जनअपेक्षाअनुसारका योजना समेटिएको बताए । उनले स्थानीय तहलाई ३० लाख रुपैयाँको दरले विशेष अनुदान र २० लाख रुपैयाँको दरले समपूरक अनुदान प्रतिपालिका दिने बजेटमा राखिएको बताए । बजेटमा सामान्य सार्वजनिक सेवा क्षेत्रमा ५ अर्ब ९३ करोड ५७ लाख २९ हजार रुपैयाँ, सार्वजनिक शान्ति सुरक्षा क्षेत्रमा ८० करोड ९९ लाख ४ हजार रुपैयाँ, आर्थिक

बाँकी पृष्ठ २ मा




# मधेशमा चार वर्षमा ४३१ हत्या




**महेश कठायत**
**वीरगंज ।**

**घटना १:**
जेठ २७ गते आइतबार वीरगंज महानगरपालिका वडा नम्बर–१६ शंकराचार्य गेटस्थित खुलाचौरमा युवकको शव फेला । साँझ खुलाचौरमा अन्दाजी ३० वर्षका युवकको शव फेला परेपछि स्थानीयले प्रहरीलाई खबर गरे । प्रहरीले मुचुल्का गरी शव बरामद ग¥यो ।

**घटना २:**
जेठ २८ गते वीरगंज महानगरपालिका वडा नम्बर–११ रामजानकी मठपछाडि सिर्सिया खोलामा पुरुषको शव फेला । सोमबार दिउँसो बेवारिसे अवस्थामा पुरुषको शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरे । प्रहरीले मुचुल्का उठाइ शव बरामद गर्‍यो ।

**घटना ३:**
जेठ २९ गते मगंलबार पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर–१ बिसनपुरुवाबाट भारतको नगरदाह जाने बाटोको ओरिया खोलानजिकै दुई वटा शव गाडिएको अवस्थामा फेला परे । नेपाल भारत सीमा दशगजानजिकै गाडिएको अवस्थामा दुई पुरुषको शव फेला परेपछि प्रहरीले बरामद ग¥यो ।

**घटना ४:**
असार १ गते शनिबार रौतहटको गौरस्थित टिकुलियामा २० वर्षीय युवक रोहित सहनीको शव फेला पर्यो ।

**घटना ५:**
असार २ गते आइतबार बिहान रौतहटको राजदेवी नगरपालिका वडा नम्बर–५ पटाही टोलस्थित गढैया बागमती नदीको किनारमा युवकको शव फेला पर्यो ।

**घटना ६:**
असार २ गते आइतबार सिरहाको बरियारपट्टि गाउँपालिका वडा नम्बर ३ स्थित शिवनगरमा मृत अवस्थामा युवतीको शव भेटियो ।

मधेश प्रदेशमा भइरहेको अपराधको अवस्था जनाउन माथि उल्लेखित प्रतिनिधि उदाहरण काफी छन् । मधेश प्रदेशका आठ जिल्लामा विगत चार वर्षको अवधिमा ४ सय ३१ हत्याका घटना भएका छन् । मधेश प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७–७८ देखि चालु आर्थिक वर्षसम्मको जेठसम्म मात्रै ४ सय ३१ जनाको हत्या भएको छ । आर्थिक वर्ष २०७७–७८ मा ६९ पुरुष र ३६ महिला गरी १ सय ५ को हत्या भएको छ । आर्थिक वर्ष २०७८–७९ मा ६९ पुरुष र ३४ महिला गरी १ सय ३ को हत्या भएको छ । त्यस्तै, आर्थिक वर्ष २०७९–८० मा ७२ पुरुष र ४२ महिला गरी १ सय १४ जनाको हत्या भएको छ ।

चालु आर्थिक वर्ष २०८०–८१ को जेठ महिनासम्म १ सय ९ जनाको हत्या भएको छ । जसमध्ये ६० पुरुष र ४९ महिला छन् । चालु आर्थिक वर्षको जेठ महिनासम्म सिरहामा १८ को हत्या भएको छ भने सप्तरीमा १६ जनाको हत्या भएको छ । धनुषामा १५, रौतहटमा १५, पर्सामा १५, बारामा १३, महोत्तरीमा ९, सर्लाहीमा ८ जनाको हत्या भएको छ । तथ्यांक हेर्दा मधेश प्रदेशमा कर्तव्य ज्यानसम्बन्धी घटनामा खासै कमी आउनसकेको देखिँदैन । तर, यता मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) यज्ञविनोद पोखरेल मधेशमा आपराधिक घटना बढेको विषयलाई अस्वीकार गर्छन् । पछिल्ला दिनमा मधेश प्रदेशमा आपराधिक घटना बढ्दै गएको हो ? भन्ने मधेशदृष्टिको प्रश्नमा उनी भन्छन्, 'आपराधिक घटना बढेको भन्दा पनि दुई–तीन ठाउँमा हत्या भएका छन् । हामीले ती हत्यामा संलग्न अपराधी पक्राउ गरिसकेका छौँ । कतिपय ठाउँमा अपराधी पत्ता लागेको छ तर पक्राउ गर्न सकिरहेका छैनौँ । हामी पक्राउ गर्छौं ।' मधेश प्रदेश प्रहरी कार्यालयकै तथ्यांकलाई लिएर डिआइजी पोखरेले भने, 'चालु आर्थिक वर्षमा कर्तव्य ज्यानसम्बन्धी घटना अघिल्लो वर्षभन्दा कम छ । तर तथ्यांक कम छ भनेर हामी चुप लागेर बस्दैनौं ।'

## ६६ शवको पहिचान हुन सकेन

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको वैशाख महिनासम्म बेवारिसे अवस्थामा फेला परेका शवमध्ये ६६ शवको पहिचान खुल्नसकेको छैन ।

चालु आर्थिक वर्षको साउनदेखि वैशाख महिनासम्ममा पर्सामा ९, बारामा ४, रौतहटमा १३, सर्लाहीमा ३, महोत्तरी ११, धनुषामा ८, सिरहामा ६, सप्तरीमा १२ शव सनाखत हुनसकेको छैन । सडेगलेको अवस्थामा शव भेटिनु, अन्य भूगोलका व्यक्तिको शव हुनु र कतिपय अवस्थामा भारतीय नागरिकको समेत शव हुने हुँदा शव पहिचानमा ढिलाइ हुने गरेको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक सुवासचन्द्र बोहरा बताउँछन् । समाजमा अपराधका घटनामा कमी ल्याउन सचेतना फैलाउन आवश्यक रहेको प्रहरी उपरीक्षक बोहराको भनाइ छ । साथै उनले व्यक्तिगत दुश्मनी, घरायसी विवाद, अर्थिक लेनदेन, जग्गा विवादलगायतका विषय हत्याका कारण रहेको खुल्ने गरेको बताए । यस्ता घटनालाई नै मध्यनजर गरी मधेश प्रदेश प्रहरीले मधेशका आठ जिल्लामा 'गृह आवास व्यवस्थापन'सम्बन्धी कार्यक्रम शुरु गरेको प्रवक्ता बोहराले जानकारी दिए ।

'गृह आवास व्यवस्थापन सम्बन्धमा भन्ने कार्यक्रम दुई दिनको कोर्स बनाएर आठ वटै जिल्लामा दुई–दुई जना इन्सपेक्टरलाई तालिम दिएर पठाइसकेका छौँ । अहिले जिल्ला नागरिकस्तरमा त्यो किसिमको तालिम दिइरहेको छ,' उनले भने, 'त्यसमा नैतिक शिक्षाका कुरा, छिमेकीसँग गर्ने व्यवहारदेखि आत्मरक्षालगायतका विषय समेटिएका छन् । सिमान्तकृत वर्ग, दुर्गम बस्तीमा यस्ता कार्यक्रम हुँदै आएका छन् ।'

# प्रसौनी गाउँपालिकामा इन्धन र मर्मतमै ५९ लाख स्वाहा




– सिरक, कम्बलदेखि साडी खरिदमा १९ लाख ७८ हजार खर्च
– चाडपर्व, पूजा र मेला व्यवस्थापनमा ३९ लाख ६६ हजार वितरण
– इन्धनमा सकाइयो ३३ लाख २० हजार रुपैयाँ
– करारमा ५७ कर्मचारी भर्नाबापत ८९ लाख ९९ हजार तलब भत्ता

**मधेशदृष्टि**
**बारा ।**

प्रसौनी गाउँपालिकाले स्थानीय सुशासन ऐनको धज्जी उडाउँदै जनताका नाममा मोटो रकम बदमासी गरेको पाइएको छ । सिरक, कम्बल, ह्याण्ड पम्प, साडी, ब्याग, झुललगायतका सामग्री खरिदमा प्रक्रिया पूरा नगरी सोझै खरिद गरेर पालिकाले १९ लाख ७८ हजार रुपैयाँ भुक्तानी गरेको पाइएको हो । महालेखाको प्रतिवेदनले नै दलित महिला साडी शीर्षकमा ७ लाख ८० हजार रुपैयाँ खर्च गरेको फेला पारेको छ ।

खरिद भएका सामग्री कसलाई वितरण गरिएको हो भन्ने खुलाइएको छैन । कार्यविधिबेगर वितरणमुखी कार्यक्रममा लगातार वित्तीय अनुशासन मिचेर खर्च गर्दा पालिकालाई प्रतिफल प्राप्त हुने नदेखिएको भन्दै महालेखापरीक्षक प्रतिवेदनले वितरणमुखी खर्च नियन्त्रणमा ध्यान दिन सुझाव दिएको छ । गाउँपालिकाले विभिन्न तालिम र कार्यक्रमका लागि सुरेन्द्र प्रसाद साहलाई नगद ३ लाख रुपैयाँ भुक्तानी गरेको पाइएको छ । प्रसौनी गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष सन्तोषकुमार साहले ३१ हजार ५ सय रुपैयाँमा एक थान मोबाइल खरिद गरेको भन्दै महालेखापरीक्षकले यो कार्य ऐनको व्यवस्था विपरीत भएको भनेर सचेत गराएको छ ।

गाउँपालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिलाई अपारदर्शी हिसाबले आर्थिक सहायताका रुपमा राज्यको कोषको चरम दुरुपयोग गरेको पाइएको छ । आर्थिक सहायताका नाममा १३ लाख ८१ हजार रुपैयाँ भुक्तानी भएको छ ।सामाजिक सहायतबाट ५ लाख रुपैयाँ, विविध कार्यक्रम खर्चबाट ४ लाख ९१ हजार रुपैयाँ, स्वास्थ्य उपचार कोषबाट ३ लाख ९० हजार रुपैयाँ भुक्तानी भएको छ ।

यस्तै, गाउँपालिकाले भ्रमण तथा अनुगमनमा १८ लाख रुपैयाँ खर्च गरेको पाइएको छ । तर, कर्मचारी भ्रमण तथा अनुगमनमा जानुपर्ने औचित्यता र भ्रमणपश्चात अनुगमन प्रतिवेदन पेश गरेको भने कुनै प्रमाण पालिकामा छैन । भ्रमणको उपलब्धीको मूल्याङ्कन नभएको महालेखाले औंल्याएको छ । गाउँपालिकाले इन्धन खर्चमा ३३ लाख २० हजार रुपैयाँ खर्च गरेको छ । गाउँपालिकाको कार्यालयले १ थान चार पांग्रे सवारी साधन, १ थान ट्र्याक्टर, १ थान एम्बुलेन्स

बाँकी पृष्ठ २ मा

# बालअधिकार सुनिश्चितताका लागि घोषणापत्र हस्तान्तरण अभियान

**सप्तरी ।**
जिल्ला बालक्लब सञ्जाल सप्तरीले 'बालअधिकार सुनिश्चितताका लागि हाम्रो अभियान' मूल नारासहित बनाएको यहाँका पालिका प्रमुखलाई १२ बुँदे घोषणापत्र हस्तान्तरण गर्न थालेको छ । जिल्ला बालक्लब सञ्जालका अध्यक्ष सलमा खातुनको नेतृत्वमा सप्तरी जिल्लाका १८ वटै पालिकाका प्रमुखलाई घोषणापत्र हस्तान्तरण अभियान सुरु गरिएको हो । त्यसअनुसार बुधबार खड्क र सुरुङ्गा नगरपालिका तथा विष्णुपुर, छिन्नमस्ता र तिलाठी कोइलाडी गाउँपालिकामा घोषणापत्र हस्तान्तरण गरिएको छ । आगामी शुक्रबारसम्म बाँकी रहेका पालिकामा घोषणापत्र हस्तान्तरण गरिसक्ने तयारी रहेको अध्यक्ष खातुनले जानकारी दिए ।

घोषणापत्रमा बालबालिकामा लगानी बढाउन माग गरिएको छ । बालमैत्री स्थानीय शासन घोषणाका लागि पहल गर्न, बजेट तथा नीति कार्यक्रममा बालबालिकाका सवाल समावेश गर्न, विद्यालय शिक्षाबाट वञ्चित, बालश्रम, लागुपदार्थ, दुर्व्यसन, असहाय, विपन्न र अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षाको व्यवस्था गर्न, बालविवाह मुक्त, बालहिंसा न्यूनीकरण, जन्मदर्तासम्बन्धी समस्या समाधान गर्न, जातीय विभेद तथा दाइजोलगायत सामाजिक कुप्रथा न्यूनीकरण गर्न घोषणापत्रमा माग गरिएको छ । यस्तै सबै स्थानीय तहमा स्थानीय बालअधिकार संरक्षण समिति तथा स्थानीय युवा परिषद् स्थापना गर्न बालसञ्जालको माग छ । बालबालिकालाई प्राथमिकतामा राखेर नगरसभा र गाउँसभाले नीति तथा कार्यक्रम समावेश गरुन् भन्ने उद्देश्यका साथ पालिकामा घोषणापत्र हस्तान्तरण गरिएको बालक्लबका सदस्य सोनिया मण्डलले बताइन् ।

सप्तरी जिल्ला बालक्लब तथा पूर्वबालक्लब सदस्यद्वारा जेठ २० र २१ गते जिल्लाको राजविराजमा आयोजित प्रथम जिल्ला सम्मेलनले १२ बुँदे घोषणापत्र जारी गरेको थियो । रासस

# सिधाकुरा अनलाइनको विवाद बृहत् पूर्ण इजलासमा

**काठमाडौँ ।**
सर्वोच्च अदालतले सिधाकुरा डटकममा प्रसारित समाचार र अडियोका विषयमा बृहत् पूर्ण इजलासमा सुनुवाइ हुने भएको छ ।


न्यायाधीशहरू कुमार चुँडाल र विनोद शर्माको संयुक्त इजलासले बुधबार न्यायिक ब्याख्याको आवश्यकता भएको उल्लेख गर्दै बृहत् पूर्ण इजलासमा सुनुवाइका लागि आदेश गरेको हो । आदेशमा भनिएको छ, 'प्रस्तुत मुद्दामा पेस हुन आएको भिडियो क्लिप, मोबाइल फोनमा डाउनलोड गरिएको विवादित संवादका सम्बन्धमा वैज्ञानिक परीक्षण प्रतिवेदनबाट उक्त संवाद कपोकल्पित रूपमा सृजित भई सोही विवादस्पद संवादको आधारमा सर्वोच्च अदालतका न्यायाधीश, विद्वान् कानुन व्यवसायी, सञ्चार क्षेत्र एवं सम्मानित व्यक्तित्वउपर लाञ्छना लगाउने, मानमर्दन गर्ने कार्य भएको हो वा होइन ? तथ्यपरक एवं सत्य, साँचो विचार र अभिव्यक्ति स्वतन्त्रता एवं प्रकाशन स्वतन्त्रतासमेतका समूल पक्षको ठोस र उपयुक्त तवरबाट न्यायिक व्याख्या भई दीर्घकालीन पक्षसमेत निर्देश हुनुपर्ने आवश्यकता छ ।' प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोले अदालतलाई बुझाएको प्रतिवेदनमा सिधाकुराले प्रसारण, प्रकाशन गरेको अडियो मिथ्या रहेको उल्लेख गरेको छ । रासस

# पोखरामा योग प्रदर्शन

**काठमाडौँ ।**
भारतीय राजदूतावासले अन्तर्राष्ट्रिय योग दिवसको १०औँ संस्करण मनाउन पोखरास्थित फेवा तालको किनारामा योग प्रदर्शनको आयोजना गरेको छ ।

स्वास्थ्य र कल्याणका लागि योगको प्राचीन अभ्यास प्रवर्द्धन गर्ने हेतुले योग प्रदर्शन आयोजना गरिएको दूतावासले जनाएको छ । बुधबार आयोजित उक्त योग प्रदर्शनमा स्थानीय प्रशासन प्रमूख, विभिन्न योग संस्थाका सदस्य, भारतीय सेनाका अवकाशप्राप्त गोर्खा सैनिक, पोखरास्थित दूतावासको पेन्सन भुक्तानी कार्यालयका कर्मचारी र स्थानीय समुदायको सहभागिता रहेको थियो ।

विभिन्न आसन, प्राणायाम (श्वासप्रश्वास व्यायाम) र ध्यान विधि प्रस्तुत गरिएको सो प्रदर्शनमा प्रशिक्षकले योगसत्रको शृङ्खला बिहानदेखि सुरु गरेका छन् । शारीरिक र मानसिक स्वास्थ्यका लागि योगको समग्र दृष्टिकोणमाथि जोड



दिँदै सहभागीलाई यसका फाइदाबारे जानकारी गराइएको थियो । भारतीय राजदूतावासले पोखरा विश्वविद्यालयसँगको सहकार्यमा आयुर्वेदिक अभ्यासकर्तासँग मिलेर योग प्रदर्शन र स्वास्थ्य परामर्शको पनि आयोजना गरेको जनाएको छ । उक्त कार्यक्रममा पोखरा विश्वविद्यालयका उपकुलपति प्रा प्रेमनारायण अर्याल प्रमुख अतिथिका रुपमा सहभागिता भएका थिए । उनले कार्यक्रमको आयोजना गरेकामा भारतीय राजदूतावासलाई धन्यवाद दिए । विचारशील र स्वस्थ जीवनका लागि योगले पु–याउने फाइदाबारे बुझ्नुपर्ने उनको भनाइ थियो । योग प्रशिक्षकले योगका फाइदा र दैनिक जीवनमा यसको व्यावहारिक उपयोगिताबारे व्याख्या गरेका थिए । आयुर्वेद र योगलाई दैनिक जीवनमा समावेश गर्नेबारे जानकारी दिएका आयुर्वेदविज्ञका परामर्शबाट पोखरा विश्वविद्यालयका विद्यार्थी लाभान्वित भएका छन् । रासस

# अग्निपीडित परिवारको शौचालय पुनःनिर्माण

**राजविराज ।**
आगलागीमा परेर क्षति भएका सप्तरीको महादेवा गॉउपालिका–१ चिम्टीका अग्निपीडित परिवारहरुको शौचालय तथा ट्युबेलहरुको पुनःनिर्माण सम्पन्न गरिएको छ । युनिसेफ नेपालको सहयोग एवं छाया नेपालको सहकार्यमा सबल नेपालको आयोजनामा आंशिक तथा पूर्णरुपमा क्षति भएका १५ शौचालयको मर्मत तथा पुनःनिर्माण गरिएको हो । जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय पालिका, वडा तथा गैससको संयुक्त बैठकले शौचालय तथा खानेपानी पुनःनिर्माणको कार्यमा सबल नेपालले सहयोग गर्ने सहमति भएअनुसार चिम्टीका अग्निपीडित परिवारका लागि शौचालय तथा टयुबेलको पुनःनिर्माण सम्पन्न गरिएको सबल नेपालका सिनियर म्यानेजर अशोककुमार साहले राससलाई जानकारी दिए ।

शौचालयको सेफ्टी ट्याङ्कीको सरसफाइ तथा रिङ भएका शौचालयको रिङसमेत सफाइ गरिएको जानकारी दिँदै सात हातेकलको मर्मत तथा प्लेटफर्म निर्माण गरिनुका साथै एक स्नान घर र एक÷एक महिला–पुरुषका लागि छुट्टाछुट्टै अस्थायी शौचालयसमेत निर्माण गरिएको उनले बताए । सबलले नेपालका वास डिआरआर फोकल पर्सन परमेश्वर झाले आगलागीमा क्षति भएका सार्वजनिक शौचालयमा धारा, मोटर एवं हात धुने वेसिन जडान गरी सञ्चालनमा ल्याइएको जानकारी दिए । आगलागीमा परेर जलेर नष्ट भएका शौचालयको छाना, ढोका, प्यान तथा अन्य सामग्री नयाँ लगाइएको तथा जलेका टयुबेलका पाइप तथा अन्य सामान नयाँ लगाइ सञ्चालनमा ल्याइएको उनको भनाइ छ । बस्तीमा गत वैशाख १८ गते भएको भीषण आगलागीमा ६४ परिवारका करिब एक सय १४ वटा घर जलेर नष्ट भएका थिए ।

निजी खर्चमा विपन्न बस्तीमा ट्युबेल जडान

एक जना समाजसेवीले आफ्नै खर्चमा विपन्न समुदायलाई खानेपानीका लागि ट्युबेल जडान गरी उदाहरणीय कार्य गरेको छ । सप्तरीको रुपनी गाउँपालिका–२ लौआपार बस्तीका विपन्न समुदायलाई खानेपानीका लागि ट्युबेल जडान गरिएको छ । करिब तीन सय विपन्न परिवारलाई लक्षित गरी सोही पालिकाको वडा नं ६ वीरेन्द्र बजार निवासी ४० वर्षीय समाजसेवी रञ्जीत भगतले आफ्नो निजी खर्चमा ट्युबेल जडान गरेका हुन् । बस्तीमा ट्युबेल नहुँदा खानेपानी र सरसफाइ लगायतका काममा निकै समस्या हुने गरेको खबर पाएपछि आपूm ले सहयोग गरेको उनले बताए । उनले ट्युबेल जडानको सम्पूर्ण खर्चका साथै सो स्थानमा नुहाउन, लुगा धुन र भाँडा धुने सुविधाका लागि स्ल्याबसमेत निर्माण गरिदिने प्रतिबद्धता जनाए । रासस


# बालविवाह

सामाजिक कुरीतिमात्रै नभई जघन्य अपराध हो ।



**"२० वर्ष नपुगी विवाह गर्नु गराउनु गैरकानुनी हो ।**
**बालविवाह कानूनी र सामाजिक दुबै अपराध हो ।**
**यस्तो विवाह गर्ने तथा गराउने दुबैलाई कानून बमोजिम सजाय हुन्छ ।"**

- कानूनद्वारा तोकिएको उमेर भन्दा कम उमेरमा गरिएको विवाह बालविवाह हो ।
- नेपालको कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले पनि कसैको विवाह गर्नु गराउनु हुँदैन । (मुलुकी अपराध संहिता २०७४)



**बालविवाह किन गर्नु गराउनु हुँदैन ?**
- बालअधिकारको हनन् हुन्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैलाई गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैको मृत्यु हुन सक्छ,
- बालिकाहरूमा फिस्टुला, पाठेघर खस्ने लगायतका गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- शिक्षा, रोजगारी लगायत विभिन्न अवसरहरुबाट वञ्चित हुन सक्छ,
- पारिवारिक, आर्थिक, सामाजिक परनिर्भरता बढ्ने हुन्छ,
- परिवार तथा समाजमा असमान शक्ति सम्बन्ध हुन सक्छ,
- घरेलु हिंसा र दुर्व्यवहारको जोखिम बढ्न सक्छ,
- मनोसामाजिक समस्याको उच्च जोखिम हुन सक्छ ।

**बालविवाह विरुद्धको उजुरी गर्ने प्रक्रिया र निकाय के र कँहा हो ?**
- आफुसँग भएसम्मको प्रमाण पुग्ने कागजात वा सूचना सहित नजिकको प्रहरी कार्यालयमा गई कानूनले तोके अनुसार उजुरी दरखास्त दिने,
- आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई बालविवाहको विरुद्धमा उजुरी वा जानकारी लिखित रुपमा वा मौखिक सूचना वा इमेल वा एसएमएस मार्फत नजिकको प्रहरी कार्यालयमा दिने,

**बालविवाह विरुद्धको उजुरी प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा के गर्ने ?**
- बालविवाह विरुद्धको उजुरी/जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेमा उक्त प्रहरी कार्यालयको माथिल्लो प्रहरी कार्यालय वा जिल्ला सरकारी वकिल कार्यालयमा उजुर गर्न सक्नेछ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५)
- प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय वा प्रहरीको माथिल्लो तहको प्रहरी कार्यालयले उजुरी लिन नमानेमा उजुरीको सबै व्यहोरा खुलाएर प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन पेस गर्न सकिन्छ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५(उपदफा ४)) ।

**बालविवाह विरुद्ध उजुरी गर्ने हद म्याद कहिले सम्म हुन्छ ?**
- बालविवाह सम्बन्धी कसूरको उजुरी कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र गर्नु पर्दछ । (मुलुकी अपराध ( संहिता) ऐन, २०७४, परिच्छेद-७, दफा १७६)
- बालविवाह हुन लागेको देखेमा वा थाहा पाएमा तुरुन्त प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ ।
- बालविवाहसँग सम्बन्धित सामाजिक कार्य जस्तैः जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र अरुलाई पनि सहभागी नहुन प्रोत्साहन गर्ने ।
- घरपरिवार, समुदाय, समाजमा सहमति विपरित वा उमेर नपुगी विवाहको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय तहलाई यस किसिमका अपराध रोकथामका लागि जिम्मेवार र जवाफदेही बनाउन पैरवीमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह तथा सहमति विपरितको विवाह रोकथामका लागि नेपाल प्रहरी लगायत सम्बन्धित निकायहरुमा खवर गर्ने ।

**बालविवाह गरे वा गराएमा के असर हुन्छ ?**
- विवाह गर्ने उमेर नपुगी विवाह गर्दा बालबालिकामा विभिन्न किसिमका शारीरिक तथा मानसिक असर पर्छ ।

**"बालविवाहको विरुद्धमा बोल्नु र त्यसको प्रतिकार गर्नु भनेको बालअधिकारको सुनिश्चित गर्नु हो ।**
**बालविवाहको विरुद्धमा डटेर आवाज उठाउनु हामी सबैको कर्तव्य हो ।"**

जनहितमा जारी सन्देश
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
मधेश प्रदेश, जनकपुरधाम


# समस्याग्रस्त तीन सहकारीको बचत फिर्ता

**काठमाडौँ ।**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले पहिलो चरणमा समस्याग्रस्त घोषणा भएका सहकारीका निक्षेपकर्ताको बचत फिर्ता गराउने अभियानलाई तीव्रता दिएका छन् । सहकारी विभागको सिफारिसमा मन्त्रालयले समस्याग्रस्त घोषणा गरेका २० सहकारीमध्ये कुबेर बचत तथा ऋण सहकारी संस्था, चार्टर्ड सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ लिमिटेड र स्ट्याण्डर्ड मल्टिप्रपोज सहकारी संस्थाको सम्पति व्यस्थापन तथा दायित्व भुक्तानीको काम सम्पन्न भएको मन्त्रालयले जनाएको छ । समस्याग्रस्त सहकारी व्यस्थापन समितिका अध्यक्ष मोहन गौतमले मन्त्री अधिकारी र मन्त्रालयसँगको निरन्तर समन्वय र अग्रसरतामा समस्याग्रस्त घोषित तीन सहकारीको सम्पूर्ण बचत रकम फिर्ता गराउन सफल भएको जानकारी दिए ।

संस्थाका पीडित, बचतकर्ताका प्रतिनिधि, सञ्चालक तथा व्यवस्थापन समितिबिच विभिन्न मितिमा बचत फिर्तालगायत विषयमा छलफल भई समस्याग्रस्त १९ सहकारीमध्ये तीन सहकारीको समस्या पूर्णरुपमा समाधान गरिएको अध्यक्ष गौतमले बताए । मन्त्री अधिकारीले समस्याग्रस्त अन्य १७ वटा सहकारीको समस्या स्थायी समाधानका लागि पहल गरिरहेको बताए । पहिलो चरणमा समस्याग्रस्त घोषणा भएका, दोस्रो चरणमा समस्याग्रस्तउन्मुख र तेस्रो चरणमा सहकारीमा देखिएको समस्याको स्थायी समाधानका लागि मन्त्रालयले काम गरिरहेको उनले बताए । मन्त्री अधिकारीका अनुसार समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई अझ प्रभावकारी ढङ्गले परिचालन गरी बचत फिर्तालाई तदारुकताका साथ अघि बढाइएको छ । सोही मन्त्रालयका सचिव गोकर्णमणि दवाडीले सहकारी ऐन, २०७४ ले परिकल्पना गरेका तर सोबमोजिम गठन हुन नसकेका संरचनाः कर्जा तथा बचत सुरक्षण कोष, कर्जा सूचना केन्द्र, दोस्रो तहको नियामक निकाय, कर्जा असुली न्यायाधीकरण स्थापना तथा गठनको प्रक्रियासमेत अघि बढेको जानकारी दिए । रासस

# प्रसौनी गाउँपालिकामा इन्धन र मर्मतमै...

र २४ थान मोटरसाइकल सञ्चालन गरेको बताइएको छ । पालिकाले विभिन्न सामान मर्मतबापतको खर्चमा २५ लाख ९५ हजार रुपैयाँ भुक्तानी गरेको पाइएको छ । पालिकामा उपलब्ध सवारी साधनको तुलनामा मर्मतका लागि भएको २५ लाख ९५ हजार रुपैयाँ खर्च नियमसम्मत र मितव्ययी नभएको भन्दै महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको छ ।

प्रसौनी गाउँपालिकामा ५७ करारका कर्मचारी भर्ना गरी ८९ लाख ९९ हजार रुपैयाँ तलब भत्ता भुक्तानी भएको छ ।

'कानुनबमोजिम पारदर्शी हिसाबले कर्मचारी नियुक्ति गरेर मात्र खर्च लेख्नुपर्नेमा दरबन्दी स्वीकृत नगरी ज्यालादारी, करार कर्मचारी भर्न गरी तलब भुक्तानी दिएको अनियमित देखिन्छ,' प्रतिवेदनमा उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सञ्चालनसम्बन्धी सामग्री खरिद गरी विभिन्न आपूर्तिकर्तालाई ३० लाख रुपैयाँ भुक्तानी दिएको छ । कतिपय मसलन्द सामग्री खरिद गर्दा सोझै कर्मचारीलाई नगद भुक्तानी दिएरसमेत खरिद कार्य गरेको भेटिएको छ । यसले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको समेत धज्जी उडाएको छ ।

गाउँपालिकाले मानव सेवा आश्रम पर्सालाई भवन निर्माणका लागि ५ लाख रुपैयाँ निकासा दिएको छ । मानव सेवा आश्रमले रकमबाट भवन निर्माण गरेको प्रमाणित श्रेस्ता पेश गरेको छैन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले सरकारी खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तरसमेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले विभिन्न वडामा चाडपर्व, पूजा, मेला व्यवस्थापनलगायतमा ३९ लाख ६६ हजार रुपैयाँ खर्च भुक्तानी गरेको छ । यसरी गरेको भुक्तानी विभिन्न व्यक्तिले सादा कागजमा रकम बुझेको भर्पाई पेश गरेको आधारमा हिसाब फरफारक गरेको पाइएको प्रतिवदेनले देखाएको छ ।

पालिकाले विविध खर्चमा १४ लाख ३८ हजार रुपैयाँ खर्च गरेको छ । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्चमा मितव्ययिता कायम नगरिएको भन्दै प्रश्न उठाएको छ ।

सार्वजनिक खर्च मितव्ययितासम्बन्धी मापदण्ड, २०७८ को नियम १५ मा कुनै पनि निकायले पानी बिजुलीलगायतको महसुल समयमा भुक्तानी र महसुलमा बिलम्ब जरिवाना भुक्तानी गर्न नमिल्ने व्यवस्था छ । पालिकाले विद्युत प्राधिकरणलाई बुझाउनुपर्ने महसुल समयमा भुक्तानी नदिँदा जरिवानासमेत कुल रकम ५ लाख ६७ हजार रुपैयाँ भुक्तानी दिएको पाइएको छ । जसमध्ये १ लाख ९ हजार रुपैयाँ समयमा बिल भुक्तानी नदिँदा सरकारलाई थप व्ययभार पारेको छ ।

# बजेट निर्माणमा समय...

मामिला क्षेत्रमा २२ अर्ब ३७ करोड ५३ लाख ९८ हजार रुपैयाँ विनियोजन भएको बताए । यस्तै, उनले वातावरण संरक्षणअन्र्तगत २ करोड ९२ लाख रुपैयाँ, आवास तथा सामुदायिक सुविधा क्षेत्रमा ५ अर्ब २६ करोड ७३ लाख ६५ हजार रुपैयाँ, स्वास्थ्यअन्र्तगत ५ अर्ब २१ करोड ६५ लाख ६ हजार रुपैयाँ विनियोजन भएको छ । यस्तै, मनोरञ्जन, संस्कृति तथा धर्मक्षेत्रमा २ अर्ब ४६ करोड ५३ लाख ८८ हजार रुपैयाँ, शिक्षाक्षेत्रमा ९० करोड ५४ लाख ४३ हजार रुपैयाँ, सामाजिक सुरक्षा क्षेत्रमा ८८ करोड ७२ लाख ३७ हजार रुपैयाँ बजेट विनियोजन भएको छ ।

मन्त्री साहले मधेश प्रदेशको स्वास्थ्य, सरसफाइ र शिक्षा, सुक्खाग्रस्त क्षेत्रको सम्बोधनलाई प्राथमिकतामा राख्दै कृषिक्षेत्रको व्यवासायीकरणमा जोड दिइएको प्रष्ट गरे ।

उनले मधेशको आधार पानी भन्ने नाराका साथ मधेशका नदी जोडने आन्तरिक नहरलाई परियोजनाका रुपमा अगाडि राखिएको बताए ।

# अज्ञात समूहको खुकुरी प्रहारबाट एक जना घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको निजगढ नगरपालिका वडा नम्बर १२ मा अज्ञात समूहको खुकुरी प्रहारबाट एकजना घाइते भएका छन् । मंगलबार राति निजगढ नगरपालिका वडा नम्बर १२ रामथलीका अन्दाजी ४० वर्षीय भीमबहादुर गोले खुकुरी प्रहारबाट घाइते भएका हुन् ।

प्रहरीका अनुसार मोटरसाइकलमा आएका व्यक्तिले घरको झ्याल खुला राखेर सुतिरहेको अवस्थामा मंगलबार राति १:३० बजे गोलेमाथि खुकुरी प्रहार गरी फरार भएका थिए । घटनाको जानकारी पाएलगत्तै अस्थायी प्रहरी पोस्ट रतनपुरबाट पुगेको प्रहरी टोलीले घटनास्थलबाट करिब सय मिटर पर सडकमा ग.२४प ७०४६ नम्बरको मोटरसाइकल र तीन थान मोबाइल बरामद गरेको इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक सुमित कुशवाहले जानकारी दिए ।

घटना पश्चात आफन्त र स्थानीयले होहल्ला गरेपछि उनीहरू मोटरसाइकल र मोबाइल छोडेर खेतको बाटो हुँदै फरार भएका थिए । घटनास्थलबाट बरामद मोटरसाइकल र मोबाइल सिमको आधारमा घटनाको अनुसन्धान अघि बढाइएको निरीक्षक कुशवाहले बताए । घाइते गोलेको टाउको, निधार, घाँटी र दायाँ हातमा चोट लागेको छ । उनको हेटौँडास्थित चुरे हिल अस्पतालमा उपचार भइरहेको बारा प्रहरीले जनाएको छ ।

# योगको प्रचलन प्राचीनकालदेखि छः प्रदेश प्रमुख

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा अन्तर्राष्ट्रिय योग दिवस मनाइएको छ । बुधबार जनकपुरधामको तिरहुतिया गाछीमा भारतीय महावाणिज्य दूतावास वीरगंजको आयोजनामा अन्तर्राष्ट्रिय योग दिवस मनाइएको हो । सो अवसरमा मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै योगको प्रचलन प्राचीनकालदेखि नै रहेको बताइन् । योगले धेरै रोगलाई भगाउँन सक्ने भन्दै उनले आधुनिकताको युगमा मानिसका लागि योग नितान्त आवश्यक रहेको बताइन् ।

स्वागत मन्तव्यमा भारतीय महावाणिज्यदूत देवी सहाय मीनाले भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदरदास मोदीको पहलमा २०१५ जुन २१ देखि अन्तर्राष्ट्रिय योग दिवस मनाउन लागिएको बताए । योग दिवसको मस्यौदा प्रस्तावलाई संयुक्त राष्ट्र संघले १७७ देशको सहमतिमा अनुमोदन गरेको थियो । कार्यक्रममा उपस्थित प्रमुख अतिथिका रुपमा मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी रहेकी थिइन् भने विशिष्ट अतिथि मुख्यमन्त्री सतीशकुमार सिंह रहेका थिए ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहलाई भारतीय वाणिज्य महादूत देवी सहाय मीनाले पुष्पगुच्छा अर्पण गरी स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन वाणिज्य दूत सञ्जय कुमारले गरेका थिए भने स्वागत मन्तव्य वाणिज्य दूत तरुण कुमारले गरेका थिए । योग दिवसका अवसरमा आयोजित समारोहमा पतञ्जली योग, विश्व हिन्दू परिषद्, नेपाल हिन्दू स्वयंसेवकलगायतका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



# वर्षा नहुँदा किसान चिन्तित

**छठु साह**
**वीरगंज ।**
विगत लामो समयदेखि वर्षा नहुँदा बारा, पर्साका कृषकहरु चिन्तित भएका छन् । अत्यधिक गर्मी र सिचाईको लागि पानीको अभावका कारण धानबालीका लागि छरिएको बिउ सुक्न थालेपछि कृषकहरु चिन्तित बनेका हुन् । बिउलाई फस्टाउन कृषकहरु टाढाबाट सिचाईको बन्दोबस्त गरी बिउ सिचाई गर्न थालेका छन् । यता नारायणी सिचांई डिभिजन नम्बर ५ को लापरवाहीले गर्दा गण्डकनहरमा पानी नछोडिदा सिचाईमा कठिनाई भएको कृषकहरुले गुनासो गरेका छन् । भदई धानका लागि पनि पानी आवश्यक रहेकोले नहरमा पानी नआउदा समस्या उत्पन भएको हो । पानी नपर्नु र नहरमा पानी नआउनु दुबै समस्याको सामना कृषकहरुले गरिरहेको कृषकहरु बताउछन् । नेपाल देश कृषि प्रधान देश भए पनि कृषकहरुका लागी चाहिने मल, गुणस्तरिय बिउ तथा पानीको साधन अनुकुल र पर्याप्त नहुदा चाहिने जति अन्नबाली तथा नगदेबाली उब्जनी गर्न सकिएको छैन । जनताको पीडा सुन्न र बुझ्नका लागि तीन तहका सरकारले कृषकको समस्यालाई नजरअन्दाज गरेको किसानहरुले गुनासो गरेका छन् । सिचाईका लागि थोरै मात्रामा उपलब्ध बोरिंग तथा मोटर नेपाल सरकारले वितरण गरे पनि पहुँचवालाले मात्रै लिनसकेको उनीहरुको भनाइ छ । सर्बसाधारणले सजिलो रुपमा सिचाईको सुबिधा पाए मात्रै बालीलाई बढी मात्रामा उत्पादन गर्न सकिने जनाइएको छ । यस बिषयमा नारायणी सिचाई, सम्बन्धीत निकाय र जनप्रतिनिधीहरुले सरोकार राखेर समस्या सामाधान गर्नु पर्नै कृषकहरुको भनाइ छ ।

# महिलाको शव फेला

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बरहथवामा हत्या गरी फालिएको एक महिलाको शव फेला परेको छ । बरहथवा नगरपालिका वडा नम्बर १२ लौकठ बस्ने ३५ वर्षीया लिलावती देवी महतोको हत्या गरी फालिएको अवस्थामा शव खेतमा फेला परेको हो ।

महतोको घरबाट करिब डेढ किलोमिटर टाढा कमल रायको खेतमा शव फेला परेको इलाका प्रहरी कार्यालय बरहथवाले जनाएको छ । मृतक महिलाको अनुहार र घाँटीमा निलडाम देखिएको छ ।

प्रहरीले घटनालगत्तै मृतक महिलाका श्रीमान् ३८ वर्षीय शंकर महतो र कान्छी श्रीमती वर्षीया सजनीदेवी महतोलाई नियन्त्रणमा लिएको छ । उनीहरूलाई हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# २७० किलो गाँजासहित एक जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय बाराले २७० किलो लागु औषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चालक भारत रामगढवा थाना निवासी १९ वर्षीय अन्तोष कुमार गिरी रहेको प्रहरीले जनाएको छ ।

ईलाका प्रहरी कार्यालय अमलेखगंज बाराबाट खटिएको प्रहरी टोलीले बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २१ अमलेखगंजबाट उनलाई पक्राउ गरेको हो ।



नारायणगढबाट पथलैयातर्फ आउदै गरेको एनएल ०१ एन ३०६३ नम्बरको भारतीय ट्रक चेकजाँचको क्रममा ट्रकको क्याबिन भित्र बक्स बनाई लुकाई छिपाई राखेको अवस्थामा २ सय ७० किलो ग्राम गाँजा बरामद भएको प्रहरी जनाएको छ । पक्राउ परेका ट्रकका चालक भारत रामगढवा थाना निवासी १९ वर्षीय अन्तोष कुमार गिरीमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवं डिएसपी दधिराम न्यौपानेले जानकारी दिए ।

# नागरिकता नबन्दा अवसरबाट वञ्चित



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको रुपनी गाउँपालिका वडा नम्बर १ रायपुरका ६२ वर्षीया चुनरदेवी सदा हालसम्म नागरिकताबाट वञ्चित छन् । उनी नागरिकताका लागि स्थानीय जनप्रतिनिधि र कर्मचारीलाई गुहार्दै आएकी छन् । सदाका श्रीमान् रामप्रसादको १० वर्षअघि नै मृत्यु भइसकेको छ । नागरिकता नहुँदा उनी सामाजिक सुरक्षा भत्ताबाट पनि वञ्चित छन् । नागरिकता बनाउन वडा कार्यालयबाट सिफारिस बनाए पनि जिल्ला प्रशासन कार्यालयले श्रीमान् र बुबा–आमाको नागरिकता मागेको उनले बताइन् । बुबा–आमाका बितेको करिब २० वर्ष भइसकेकाले नागरिकता आफूसँग उपलब्ध नभएको उनले सुनाइन् ।


नागरिकता नपाउँदा चुनरदेवीका २५ वर्षीय छोरा सञ्जीवलाई समस्या भएको छ । 'नेपालमै जन्मिएँ, यही हुर्किएँ । तर हालसम्म नागरिकता पाउन सकेको छैन', सञ्जीव भन्छन्, 'घरको मूल व्यक्ति आमासँग नै नागरिकता नहुँदा समस्या भएको हो ।' नागरिकता नबन्दा सञ्जीवले सात वर्षीय छोराको जन्मदर्ता प्रमाणपत्र बनाउन सकेका छैनन् ।

रुपनी–२ लौवापारका बिलट सदा पनि नागरिकताबाट वञ्चित छन् । सानै उमेरमा बुबा–आमा गुमाएकाले आफू नागरिकताबाट वञ्चित हुनुपरेको उनको भनाइ छ । नागरिकताका लागि सबै निकायलाई गुहारे पनि अझै पाउन नसकेको बिलटको गुनासो छ । 'आर्थिक अवस्था असाध्यै कमजोर छ, परिवार पाल्न धौधौ छ', बिलट भन्छन्, 'तर ऋण माग्न साहुमहाजनदेखि बैंकसम्म पुग्दा सबैले पहिला नागरिकता माग्छन्, नागरिकता नहुँदा ऋणसम्म पाउन सकिरहेको छैन ।' उनको पनि नागरिकताका लागि वडाबाट सिफारिस भइसकेको छ । तर जिल्ला प्रशासन कार्यालयले बुबा–आमाको नागरिकता माग्दा बिलटले दिन सकेका छैनन् । 'दाजुको मृत्यु भइसकेकाले सनाखत गर्न भाउजु फुलबतीदेवी र भतिज रामलगन तयार हुनुहुन्छ, तर यसले पनि समस्या समाधान हुन सकेको छैन ।' उनको नागरिकताको पहल गरिदिन वडाध्यक्षसहितको टोली जिल्ला प्रशासन कार्यालय पुगेपनि नागरिकता बन्न सकेन । नागरिकता नबन्दा १२ वर्षीय छोरा दिले र १० वर्षीय पवनको जन्मदर्ता बनाउन नसकिएको उनको दुखेसो छ ।

स्थानीय २८ वर्षीया सङ्गीतादेवी सदाले पनि अझै नागरिकता पाउन सकेकी छैनन् । सिरहा माइत भएकी उनको स्थानीय उमेश सदासँग विवाह भएको हो । 'श्रीमान्को नागरिकता बनेको छ । तर जिल्ला प्रशासन कार्यालयले श्रीमान्को नागरिकतासँगै बुबाको पनि माग्छ, बुबा गणेश सदाको नागरिकता आगलागीमा परेर जलेर नष्ट भयो, बुबाको मृत्यु भइसकेकाले झन समस्या भएको छ, बुबाको मृत्युदर्ता बनाउन फोटो चाहिने भयो, तर उहाँको फोटो छैन, कहाँबाट ल्याएर दिनु ? त्यही भएर मृत्युदर्ता बन्न सकेको छैन ।' उनले भनिन् । बुबाको नागरिकता वा मृत्युदर्ता नहुँदा आफ्नो नागरिकता प्राप्त गर्ने सपना अझै पूरा नभएको उनले बताइन् । 'नागरिकताको सिफारिसका लागि जन्मदर्ता खोज्छन्' तर आफ्नो जन्मदर्ता छैन, रुपनी गाउँपालिका–६ का दीपेन्द्र सदा भन्छन्, 'नेपालमा जन्मिएँ, तर नेपाली भएको कुनै प्रमाण नहुँदा आफ्नो जीवन नै व्यर्थ भएको महसुस भइरहेको छ ।' नागरिकता नहुँदा राज्यको मात्रै होइन, समाज तथा समुदायबाट पनि अलग हुनुपरेको उनले सुनाए । 'नागरिकताकै अभावमा गाउँस्तरमा बन्ने कुनै पनि समूहमा सदस्यता पाउन सकिरहेको छैन भने राज्यका हरेक सेवासुविधाबाट बञ्चित हुनुपरेको छ' उनले भने ।

रुपनी गाउँपालिकाका चुनरदेवी, बिलट, सङ्गीता र दीपेन्द्र मात्र होइन, सो गाउँपालिकाका विभिन्न वडाका दलित बस्तीमा नागरिकताको समस्या अझै भयावह छ । वडामा जन्मदर्ता, विवाहदर्ता र नागरिकताको ठूलो समस्या पाइएपछि व्यक्तिगत घटना दर्तासँगै नागरिकता र जन्मदर्ता बनाउने अभियान शुरु गर्न लागिएको छ । 'द फ्रिडम फण्ड'को सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीले ती वडाका दलित बस्तीका हरवाचरवा परिवारलाई लक्षित व्यक्तिगत घटना दर्तासँगै नागरिकता र जन्मदर्ता बनाउने अभियान सञ्चालन गर्न लागिएको छ । दलित बस्तीमा नागरिकता र जन्मदर्ताको समस्या देखिए पनि अभियान नै चलाउन लागेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता पुनम चौधरीले बताए । अधिकांश दलित बालबालिकाहरू जन्मदर्ताकै कारण पढ्न नसकेको समेत पाइएको सहजकर्ता चौधरीको भनाइ छ । प्रमाण जुटाउन नसक्दा जन्मदर्ता र नागरिकताको सिफारिस गर्न कठिनाइ भइरहेको रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले बताए ।

# हातमा कालोपट्टी बाधेर कक्षा सञ्चालन



**मधेशदृष्टि**
**बारा ।**
बारा जिल्लामा क्याम्पस प्रमुखको हत्याको विरोधमा शिक्षकहरुले हातमा कालोपट्टी बाँधेर कक्षा संचालन गरेका छन् । बाराको कलैया उपमहानगरपालिकास्थित रामराजा बहुमुखी क्याम्पस प्रमुख हरिभुषण कुशवाहाको हत्याको घटनाका दोषीलाई कारवाही गर्न दवाब दिने उदेश्यले शिक्षकहरुले बुधबार हातमा कालोपट्टी बाँधेर विरोध जनाउँदै कक्षा संचालन गरेका हुन् । विद्यार्थीहरुको पढाईमा नकारात्मक असर नपरोस भन्ने अभिप्रायले कालोपट्टी बाधेर विरोधका कार्यक्रम अघि सारिएको क्याम्पसका शिक्षक रामबहादुर पण्डितले बताए ।

गत जेष्ठ ३२ गते प्रधानाध्यापक कुश्वाहामाथि बारामा गोली प्रहार भएको थियो । बाराको आर्दश कोतवाल गाउँपालिका नम्बर २ खजुरियास्थित घरबाट कलैयातर्फ फर्किने क्रममा २ वटा मोटरसाईकलमा सवार ४ जनाको अज्ञात समूहले उनीमाथि गोली प्रहार गरी घाईते बनाएको थियो । उपचारको क्रममा सोही दिन उनको मृत्यु भएको थियो ।

उक्त घटनाका दोषीलाई कारवाहीको माग गर्दै आन्दोलनसमेत भएको थियो । दोषीलाई कारबाहीको दायरामा ल्याउने प्रहरीको आश्वासनमा आन्दोलन स्थगित भएको थियो । उक्त घटनाको विषयमा हालसम्म सात जनालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता दधिराम न्यौपाने बताए । घटनाका विषयमा थप अनुसन्धान भइरहेकोले केही दिनमा नै यसबारे अनुसन्धान टुंगोमा पुग्ने उनको भनाइ छ ।

# कटहरियाको नगरसभाद्वारा ५२ करोड बढीको बजेट पारित



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटको कटहरिया नगरपालिकाको १० औं नगरसभाको उदघाटनसत्र सम्पन्न भएको छ । बुधवार नगरपालिकाको प्रांगणमा आयोजित एक भब्य समारोहका बिच नगरसभा सम्पन्न भएको हो । जिल्लाको १८ स्थानीय तहमध्ये यो आर्थिक बर्षमा सबैभन्दा पहिले कटहरिया नगरपालिकाले नगरसभाको आयोजना गरेको हो । कार्यक्रमका अध्यक्ष मेयर अजय प्रकाश जैसवाल र प्रमुख प्रशासकिया अधिकृत उपसचिव सुरेन्द्र प्रधानले संयुक्त रूपमा आगामी आर्थिक वर्ष २०८१÷०८२ का लागि कुल ५२ करोड ३१ लाख ७२ हजार ३८४ रुपैयाँको बजेट प्रस्तुत गरेका थिए । प्रस्तुत बजेटमा कृषिलाई बिशेष प्राथमिकतामा राखिएको छ । कृषि व्यवसायी तथा किसानलाई प्रोत्साहन स्वरुप कृषि विद्युत मिटर जडान गरि कृषि कार्यमा उठेको विद्युत महसुल नगरपालिकाले सतप्रतिशत अनुदान दिने भनिएको छ ।

यसैगरी कृषिमा आधुनिक व्यवसाय गर्ने फर्मलाई प्रोत्साहन स्वरुप अनुदान दिने, कृषिको बहुउद्देश्यीय भवन बनाईने, कृषि सामग्री उपलब्ध गराई बीउ बिजन भण्डारण तथा बिक्रि बितरणको ब्यवस्था गरिने भनिएको छ । पशुपन्छी, मत्स्य, पालन भूमी व्यवस्था तथा सहकारी, पर्यटन तथा संस्कृतिमा स्थानीय पर्यटन, उद्योग वाणिज्य तथा वित्तिय र समाजिक विकासतर्फ जोड दिएको छ । शिक्षा तथा खेलकुदमा क्याम्पस अध्यनरत विद्यार्थीलाई पठनपाठनमा लाग्ने शुल्कमा क्याम्पसलाई विशेष अनुदानको व्यवस्था मिलाइएको छ । नगर सभामा स्वास्थ्य क्षेत्रमा १५ शैयाको अस्पताल निर्माणमा निरन्तरता दिदै नगरभित्र निःशुल्क एम्बुलेन्स सेवा उपल्ब्ध गराइने भएको छ । यसैगरी स्वच्छ खानेपानीको लागि सञ्चालित परियोजना मार्फत सहयोगलाई निरन्तरता दिने, सरसफाई अन्तर्गत स्वच्छ शहर कटहरिया नगरको नारासमेत अवलम्बन गरिने बताइएको छ । सभामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समेत समेटिएको छ । पुर्वाधार विकासतर्फ नगरभित्रका सडक तथा पुल, सिचाई तथा नदि नियन्त्रण, भवन तथा शहरी विकास, सञ्चार, उर्जा समेत समेटिएको छ । वातावरण तथा बिपद व्यवस्थापनतर्फ संस्थागत विकास तथा सेवा प्रवाह र वित्तिय व्यवस्थापनलगायतका कार्यक्रमहरु समावेश गरिएको छ । मेयर अजय प्रकास जैसवालको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, ९ मध्ये ७ वडाका अध्यक्ष, कार्यपालिका सदस्यहरू, कटहरिया नगरभित्रका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक लगायतको सहभागिता रहेको थियो । नगरसभामा उपमेयर रिता देवी यादव, वडा नम्बर ४ का अध्यक्ष चन्दन कुशवाहा, वडा नम्बर ५ का अध्यक्ष सर्फलाल गुप्ता अनुपस्थित रहेका थिए ।

*सफलताको रहस्य के हो ? सही निर्णय । सही निर्णय कसरी गरिन्छ ? अनुभवबाट । अनुभव कसरी हासिल हुन्छ ? गलत निर्णयहरुबाट ।*

*–एपिजे अब्दुल कलाम*

## सम्पादकीय

# नेता केन्द्रित बजेट रोक

*संघीय बजेट होस् वा प्रदेशको बजेट अर्थमन्त्री र सरकारमा सहभागी दलहरुको शीर्ष नेताहरुले आफ्नो क्षेत्रमा विकास बजेट खन्याएका छन् । विकास बजेटको अधिकांश रकम उनीहरुले आफ्नै क्षेत्रमा छुट्याएर बाँकी क्षेत्रमा कनिका छरे जस्तै बजेट विनियोजन गरेका छन् । उनीहरुको यो बजेट विनियोजनले के स्पष्ट पारेको भने उनीहरु सबैका नेता वा सांसद होइन् उनीहरुलाई आफ्नो निर्वाचन क्षेत्रमा बजेट खन्याए पुग्छ । सांसदहरुले आगामी आर्थिक वर्षको बजेट सत्ता गठबन्धनका शीर्ष नेताहरुको जिल्लामा केन्द्रीत गरिएको भन्दै आपत्ति जनाएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकमा विपक्षी दलका सांसदहरुले बजेट सीमित नेताहरुका जिल्ला केन्द्रीत गरिएकाले बहिस्कार गर्नेसम्मको चेतावनी दिएका हुन् । संसद्को विशेष समयमा कांग्रेसका सांसद हृदयराम थानी र राप्रपाका सांसद ज्ञानेन्द्र शाहीले कर्णाली प्रदेशको पूर्वाधारका लागि बजेट न्यून विनियोजन भएको गुनासो गरे । स्वतन्त्र सांसद अमरेशकुमार सिंहले त असन्तुलित बजेटको बहिस्कार गर्ने घोषणा नै गरे । विगतका वर्षमा जस्तो यो पटकको बजेटमा 'सांसद विकास कोष'का नामले चिनिने संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका लागि सरकारले रकम नछुट्ट्याए पनि निर्वाचन क्षेत्रमा सांसदको रोजाइका आयोजनालाई बजेट छुट्ट्याउन घुमाउरो बाटो प्रयोग गरिएको पाइएको छ ।*

*प्रतिनिधि सभामा सांसदहरुले बजेटमा विचौलिया, दलाल र कमिशनखोरहरू हाबी रहेको बताएका छन् । विनियोजन विधेयकमाथिको छलफलमा सहभागी हुँदै सांसदहरुले सम्बन्धित मन्त्रालयका मन्त्री र अर्थमन्त्रीभन्दा पनि कमिशन खाने बिचौलियाहरू बजेटमा हाबी भएको बताए । उनले यो परम्परालाई सुधार गर्न अति आवश्यक रहेको बताएका छन् । शहरी विकास मन्त्रालयमात्रै नभएर अर्थमन्त्री र अर्थ मन्त्रालय बाहेक सबैको एउटै खालको गुनासो छ । 'जुन योजना दिइएको थियो त्यो योजना परेन । जुन अङ्कमा राखिएको थियो त्यो अङ्क धेरै तलमाथि प¥यो', यस्ता गुनासो सांसदहरुको सुनिन्छ । अब यो विषयमा माननीय सबैले अलिक गम्भीर बन्नुपर्ने जरुरी छ । यो योजना र बजेटमा ट्वीस्ट कसले गर्छ ? टाइपिस्टले गर्छ ? या बिचौलियाले गर्छ । दलालले गर्छ । यदि यो विषयमा गम्भीर हुन सकेनौँ, अनुसन्धान गर्न सकेनौँ भने फेरि पनि यो क्रम रेगुलर रिपिट भइराख्छ । 'टाइपिस्ट ग¥यो या कमिशन लिएर, कमिशनको मार्जिनमा एग्रिमेन्ट गरेर या बिचौलियाले गऱ्यो । यस्ता योजनाहरू, हाम्रो देशका योजनाहरू आवश्यक्ताको आधारमा या कमिशनको मार्जिनको भोल्यूमको आधारमा के को आधारमा योजना परिरहेको छ ? मलाई लाग्छ सबै सुन्दा, सबै हेर्दा कमिशनको मार्जिनको भोल्यूम जता ठूलो छ, जुन भोल्यूमसँग फिक्सिङ हुन्छ अर्थात् म्याचिङ हुन्छ त्यस्ता योजनाहरू मात्रै परिरहेको यस्ता घटनाको उदाहरणहरूले देखाइरहेको छ । कमिशनको मार्जिन हेरेर योजनाहरू आइरहेको छ । ठूला भनिएका व्यक्ति केन्द्रित, त्यसमा ठूलाठूला नेताहरू प्रधानमन्त्रीदेखि लिएर मन्त्री हुन नसकेका तर ठूला नेताहरू, सम्भावित नेताहरू, त्यो कारणले कम्प्लिटली बजेट असन्तुलिट छ ।*

*ठूला दल र तिनका शीर्ष नेताहरुले बजेटलाई हाइज्याक गरिरहेका छन् । दुई चार वटा जिल्लामा कुल विकास बजेटको ६०–७० प्रतिशत खन्याउने अनि बाँकीका ७३–७५ जिल्लामा छर्ने । यस्ता प्रवृतिले सम्रग नेपालको विकास कसरी हुन्छ ? यो सोच्निय विषय छ । नेता र दल कुनै एक जिल्लामा केन्द्रीत हुँदा समग्र देशको विकासको गति सुस्त हुन पुग्छ । यता तर्फ दलहरु तथा तिनका नेताहरुले गम्भीर हुन पर्छ । र, जिम्मेवार नेतृत्वको भूमिका खेल्दै समग्र देशको विकासमा जोड दिनुपर्छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# घरभित्रै आफन्तबाटै असुरक्षित छन् महिला



नातिबाबु धिताल



आफूलाई जन्म दिने बुबा, ससुरा, देवर, छोरा जस्ता घरभित्रकै आफन्तबाटै बलात्कृत भएको पीडा। न घरमा पुनर्स्थापित हुन सकियो, न त घरका अरू आफन्तसँग भेटघाट नै। घर भित्रकै आफन्तबाटै पटक पटक बलात्कृत भएका महिलाहरूले भोगेका तनाब, खेपेको सास्तीलाई बोलीमार्फत साट्न चाहन्थे, जुन सम्भव नभएपछि आँशुमार्फत पीडा पोख्न बाध्य छन्। अरू बिकल्प पनि थिएन। आँशुको भाषा बुझ्ने दोस्रो मान्छे उनीहरूसँग कोही छैन ।

बुबाबाट पटक पटक बलात्कार पर्नु भएकी १९ वर्षीया किशोरीले आफूमाथि भएको घटनाको पीडा सहनु परेको छ। घटनापछि अन्य आफन्तले आफैँलाई दोषी देखाउदाको थप पीडा र एक्लोपनले बाँच्न पनि पटक्कै मन नभएको बताउनु हुन्छ।

सामान्य परिवारमा जन्मनुभएकी १९ वर्षीया किशोरी सात कक्षामा पढ्दादेखि कक्षा १० पुग्दासम्म तीन वर्ष आफ्नै बुबाबाट पटकपटक बलात्कृत हुनु भयो। घरको आर्थिक अवस्था कमजोर, बल्लतल्ल विद्यालय पढ्न पाएकी किशोरी भन्नुहुन्छ 'चार जनाको परिवार थियो। भाई सानै छ, आमा घरको काम गर्नुहुन्छ। म विद्यालय पढेर घर आएपछि साँझमा आमाको काम सघाउँथे। बेलुकी खाना खाएपछि स्कूलको होमर्क गर्दा रातको ९, १० बज्थ्यो। आमा र भाइ निदाएपछि बुबा आएर मलाई बलात्कार गर्थे र सुत्थे। मलाई अत्यन्त पीडा हुन्थ्यो।'

बुबाले मलाई किन यस्तो व्यवहार गरेको होला भन्ने लागेर आयो। घटनाबारे अरूलाई कसरी भन्नेहोला, अरूले पत्याउने हुन् की होइनन् भन्ने मलाई लागिरहेको थियो, जतिखेर म १६ वर्षको थिए। तीन वर्षसम्म यो क्रम रोकिएन। एक दिनको घटना आमाले थाहा पाउनु भएछ। भोलिपल्ट छिमेकी काकासँग आमा गएर घटनाबारे छलफल चलाउनु भएछ । त्यसपछि मलाई आमाले सोधपुछ गर्नुभयो, मैले शुरूदेखिकै सबै घटनाक्रम आमालाई सुनाएपछि प्रहरी कार्यालयमा उजुरी दिनु भयो।

जिल्ला अदालतले आरोपितलाई २५ वर्ष कैदको फैसला गरेको छ। घटनापछि महिला पुर्नस्थापना केन्द्रमा बस्दै आएकी पीडितलाई एक्लोपनको महसुस भएको छ। परिवारका अन्य सदस्य तथा आफन्त इष्टमित्रहरूले आफैँलाई दोषी भएको आरोप लगाउदा आफूलाई थप पीडा भएको पीडित बताउनु हुन्छ।

यसैगरी, २० वर्षीया युवती ७१ वर्षीय ठूलो बुबाबाट भेडिगोठमा बसेको अवस्थामा बलात्कृत हुनु भयो। विद्यालय जानसमेत नपाएकी युवती खर्कमा भेडा चराउने काम गर्नु हन्थ्यो। घटनाबारे कसैलाई भनेमा राम्रो नहुने समेत ठूलो बुबाले धम्की दिएको पीडितको भनाइ छ। बलात्कारपछि उनको पेटमा गर्भ रहन गयो। घरमा आमा मात्र भएको र दाजु मजदुरीको लागि भारतमा गएका कारण उनलाई सहयोग गर्ने कोही भएनन्। गाउँले समाजले उल्टै पीडितलाई नै दोषी ठानेपछि पीडितकी आमाले हारगुहार गर्दै न्यायको लागि जिल्ला प्रहरी कार्यालय उजुरी दिनु भयो। हाल आरोपित फरार रहेका छन्। पीडितले चौतारा स्थित महिला पुनर्स्थापना केन्द्रमा बसेकै अवस्थामा छोरीलाई जन्म दिनु भयो। जन्मेकी छोरी हाल बाल गृहमा राखिएको छ भने घटनापछि पीडित घरमा पुनर्स्थापना हुन सक्नु भएको छैन।

यस्तै पतिको मृत्यु भएर एकल भएकी ३० वर्षीया महिला आफ्नै देवरबाट बलात्कृत हुनु भयो। घाँस काट्न गएको अवस्थामा २९ वर्षीय देवरबाट घटनामा परेपछि गर्भ समेत रह्यो। विधुवा महिलाको पेटमा गर्भ आएपछि घर परिवारबाट समेत तिरस्कार सहनु पर्यो। पीडितले घटनाका बारेमा प्रहरीमा उजुरी दिनु भयो। प्रहरीले आरोपितलाई गिरफ्तार गर्यो। पीडितले पुनर्स्थापना गृहमा बसेकै अवस्थामा छोरी जन्म दिनु भयो। आफ्नो घर जान खोज्दा परिवारले स्वीकार नगरेपछि आफू अलपत्र भएको पीडितले बताउनु हुन्छ। बच्चा र आफू बिमारी हुँदा कसले उपचार गरिदिने होला भन्ने चिन्ता लागेको पीडितको गुनासो छ।

सौतिनी छोराबाट बालात्कृत भएकी ३८ वर्षीया महिला कष्टपूर्ण जीवन बिताउदै हुनुहुन्छ। २१ वर्षीय सौताको छोराले बलात्कार गरेपछि घरबाट निस्कन बाध्य भएकी उहाँ हेलम्बु गाउँपालिका स्थित एक होटलमा भाँडा माझेर अहिले आफू र बलात्कार पछि जन्मेकी छोरीको गुजारा गर्दै हुनुहुन्छ। आरोपित जेलमा भए पनि गाउँलेहरूले कुरा काट्ने र आफैलाई दोषी ठानेकाले घरबाट निस्कनु परेको पीडितले बताउनु भयो।

३६ वर्षीया महिला ६२ वर्षीय ससुरा र ३१ वर्षीय देवरबाट पटक पटक बलात्कृत हुनु भयो। गाउँलेहरूको सहयोगमा पीडितले प्रहरी उजुरी दिनु भयो। जिल्ला अदालतले आरोपितहरूलाई धरौटी तारेखमा छाडेकोमा अहिले पनि डर भएको पीडित बताउनु हुन्छ। बलात्कारपछि महिला गृहमा बस्दै आउनु भएकी पीडितले छोरा जन्म दिनु भयो। पतिले बेवास्ता गर्ने, गाउँलेहरूले दोषी ठान्ने र घरमा जान नसक्ने अवस्था भएपछि पीडितको आमा छोरा अहिले भक्तपुरको एक घरमा घरायसी काम गरी गुजारा गर्दै हुनुहुन्छ।

२८ वर्षीया एक महिलालाई २९ वर्षीय भतिजाले गोठमा गएको अवस्थामा बलात्कार गरेको पीडितको आरोप छ। बलात्कार पछि पीडित प्रहरी कार्यालय पुगेर उजुरी गदिनु भयो । जिल्ला अदालतले आरोपितलाई धरौटीमा रिहा गरेपछि आफूले न्याय नपाएको पीडितले बताउनु भयो। परिवार र माइतीसमेतले बेवास्ता गरी आफैलाई दोषी ठानेपछि अर्को विवाह गरी घर त्याग्न बाध्य भएको पीडितको भनाइ छ।

६६ वर्षीय आफ्नै हजुर बुबाबाट बलात्कृत भएकी सात वर्षीया बालिका परिवारको माया नपाएपछि स्वास्थ्यमा समस्या भएको छ। घटना बाहिरिएपछि आरोपित हजुर बुबाको हृदय गति बन्द भएर मृत्यु भयो। घटनापछि परिवारबाट वञ्चित भएकी पीडित बालिका हाल बाल गृहमा रहनु भएको छ। पीडितको सानै उमेरमा स्वास्थ्यमा समस्या भएको बाल गृह सञ्चालकले बताउनु भयो।

१४ वर्षीया बालिका ३८ वर्षीय बुबाबाट बलात्कार प्रयासको घटनाबाट पीडित भएर विस्थापित हुनु पर्यो। घटनापछि काठमाडौँ स्थित रक्षा नेपालमाको सरक्षणमा रहनु भएको छ।

माथि उल्लेखित सबै घटनाहरू घर परिवारका आफन्तबाट पीडित बनाइएका सिन्धुपाल्चोक जिल्लाका महिलाहरूको जीवनी हो। यी प्रतिनिधि मूलक घटना पनि हुन्। समाजमा यस्ता धेरै घटनाहरू उजागर हुन सकेका छैनन्।

बलात्कारका घटनाहरू घर बाहिरका अपरिचितबाट भन्दा घरभित्रैका आफन्तबाट बढी हुने गरेको छ। घरपरिवार भित्रका आफन्तबाट बलात्कृत भएर पीडित भएकाहरू सामाजिक, साँस्कृतिक तथा आर्थिकरुपले समेत समस्यामा परेका छन्। यस्ता घटनाबाट पीडित भएकाहरू घर छाड्नु पर्ने, गास बासको ग्यारेण्टी नहुने, अरूको साहारामा बाच्नुपर्ने जस्ता समस्यामा परेको चौतारा स्थित महिला पुनर्स्थापना केन्द्रका प्रमुख हरिकला भट्टले बताउनु भयो।

जिल्ला प्रहरी कार्यालयको बिगत तीन वर्षको तथ्याङ्क अनुसार सिन्धुपाल्चोक जिल्लामा सन् २०२१ मा ४० जना महिला बलात्कार घटनाबाट पीडित भएका थिए। त्यसैगरी, सन् २०२२ मा २३ जना र सन् २०२३ मा २५ जना महिला बलात्कार घटनाबाट पीडित भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी निरञ्जन भट्टराईले बताउनु भयो।

घरपरिवारका आफन्तबाट हुने बलात्कार जस्तो जघन्य अपराधका घटनाहरू इज्जत जाने डर, कूलको मानप्रतिष्ठा माथि आँच आउने भयले गर्दा कतिपय घरभित्रै मिलाउने गरेकोले उजुरी नआउने गरेको डिएसपी भट्टराइले बताउनु भयो। घरभित्रै हुने यस्ता जघन्य अपराधका घटनाहरू न्यूनीकरणका लागि गाउँवस्तीहरूमा जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरेर घटना न्यूनीकरण हुने डिएसपी भट्टराईको तर्क रहेको छ। स्रोतः इन्सेक

# उत्तर कोरियासँग सन्धिले 'पारस्परिक सहयोग'

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बुधबार पश्चिमलाई स्पष्टरूपमा चेतावनी दिंदै उत्तर कोरिया र रुसबीच हस्ताक्षरित नयाँ सन्धिको पक्ष मुलुकले आक्रामकताको सामना गरेको अवस्थामा 'पारस्परिक सहयोग' प्रदान गर्ने बताएका छन्। उत्तर कोरियाले युक्रेनमा प्रयोगका लागि रुसलाई हतियार आपूर्ति गरेको आरोप लगाउने पश्चिमी मुलुकहरूसँग मस्कोले सम्बन्ध तोडेको छ । मस्कोको युक्रेन आक्रमणको दुई वर्षभन्दा बढी समयमा पुटिनले उत्तर कोरियाको भ्रमण गरेका छन्।

'आज हस्ताक्षरित व्यापक साझेदारी सन्धिले यस सन्धि पक्षहरूमध्ये कुनै एकविरुद्ध आक्रामकताको अवस्थामा पारस्परिक सहयोग प्रदान गर्दछ,' पुटिनले भने, 'यो अग्रणी दस्तावेज हो र यसले हाम्रो सम्बन्धलाई नयाँ उचाइमा पुर्याउने छ।'

पुटिनले उत्तर कोरियासँग 'सैन्य–प्राविधिक सहयोग' लाई पनि अस्वीकार गरेनन् र युक्रेनमा मस्कोको काममा समर्थनका लागि उत्तर कोरियालाई धन्यवाद दिए। रुसी समाचार एजेन्सीहरूले किमलाई उद्धृत गर्दै सन्धि 'रक्षात्मक' भएको बताएका छन्। उनले उत्तर कोरियाको 'सबैभन्दा प्यारो मित्र' का रूपमा पुटिनको प्रशंसा गरे।

रुस अहिले उत्तर कोरियासँगै विश्वमा सबैभन्दा धेरै प्रतिबन्ध भएको मुलुकहरूमा सामेल भएको समयमा पुटिनको भ्रमण भएको छ। पुटिनले लामो समयदेखि मस्को र प्योङयाङ पश्चिमी प्रतिबन्धहरूको 'दमन' को विरोध गर्न एकसाथ खडा हुने बताए। 'रुस र कोरियाको स्वतन्त्र विदेश नीति छ र उनीहरू ब्ल्याकमेल तथा तानाशाहीको भाषालाई सहन सक्तैनन्,' उनले भने, 'हामीले राजनीति, अर्थतन्त्र र अन्य क्षेत्रमा आफ्नो वर्चस्व कायम राख्ने उद्देश्यका साथ पश्चिमले प्रयोग गर्ने साधनका रूपमा दमनकारी प्रतिबन्ध अभ्यासको विरोधलाई निरन्तरता दिनेछौँ।'

उनले विश्वमा सबैभन्दा दमनकारीमध्येको एक उत्तर कोरिया शासनमाथि संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धको पुनः जाँच हुनुपर्ने बताए। 'उत्तर कोरियाप्रति राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा अमेरिका र उसका सहयोगीहरूद्वारा प्रेरित अनिश्चितकालीन प्रतिबन्धात्मक शासनको समीक्षा गर्न आवश्यक छ,' उनले भने। यसै वर्षको प्रारम्भमा उत्तर कोरियामाथि लगाइएको प्रतिबन्धको आधिकारिक राष्ट्रसङ्घीय अनुगमनलाई प्रभावकारीरूपमा आफ्नो भिटो शक्तिको प्रयोग गरेपछि पुटिनको यस्तो टिप्पणी आएको हो। यो कदम प्योङयाङका लागि ठूलो जित थियो।

यसैबीच राष्ट्रपति पुटिनले मस्को र प्योङयाङले 'अमेरिकी आधिपत्य'विरुद्ध लडिरहेको बताए। उत्तर कोरियाली नेता किम जोङ उनले दुई मुलुकबीचको साझेदारीले एसिया–प्रशान्त क्षेत्रमा 'शान्ति र स्थायित्व' लाई अगाडि बढाएको दाबी गरे। पुटिन दुर्लभ राजकीय भ्रमणका क्रममा उत्तर कोरियामा थिए। त्यहाँ दुवै नेताले सैन्य, आर्थिक र राजनीतिक सम्बन्धलाई अझ गहिरो बनाउन 'व्यापक रणनीतिक साझेदारी' मा हस्ताक्षर गरे।

'आज हामी संयुक्त राज्य अमेरिका र उसका उपग्रहरूको आधिपत्यवाद र नव–उपनिवेशवाद अभ्यासविरुद्ध एकसाथ लडिरहेका छौँ,' पुटिनलाई उद्धृत गर्दै रुसी राज्य समाचार एजेन्सीहरूले भनेका छन्। किमले दुई मुलुकबीच हस्ताक्षरित सन्धिलाई भव्य, महान कार्यक्रम भन्दै सन्धिले इमान्दारीपूर्वक एक शताब्दीका लागि कोरियाली–रुसी सम्बन्धलाई प्रत्याभूति दिने बताए।

'यसले क्षेत्रमा शान्ति र स्थिरता कायम राख्न पूर्णरूपमा योगदान दिनेछ र दुवै मुलुकको सुरक्षा स्थितिलाई अझ धेरै विश्वसनीय आधारमा स्थापित गर्नेछ,' किमलाई उद्धृत गर्दै रुसी राज्य समाचार एजेन्सीहरूले भनेका छन्। मस्को र प्योङयाङबीच बढ्दो गठबन्धनले दक्षिण कोरियाका साथै पश्चिम र युक्रेनमा चिन्ता उत्पन्न गरेको छ । अमेरिका र उसका सहयोगीहरूले उत्तर कोरियामाथि युक्रेनमा आक्रमण गर्नका लागि रुसलाई गोलाबारुद र क्षेप्यास्त्रहरू उपलब्ध गराएको आरोप लगाएका छन्। किएभले युद्धको मैदानमा उत्तर कोरियाली गोलाबारुदको टुक्रा फेला परेको सूचना दिएको छ। पुटिनले पछिल्लो पटक २४ वर्षअघि उत्तर कोरियाको भ्रमण गरेका थिए। एएफपी

# ‘न्यायालयको साख गिर्दोछ भन्ने भाष्य सर्वथा गलत हो’

*संविधानको कार्यान्वयन गर्ने संयन्त्रलाई अझ बढी चुस्त र द्रुत बनाउनु जरुरी छ । अहिले नै यसलाई चुस्त र छरितो अनि स्पष्ट बनाउँदै गइएन भने सङ्घीयताको प्रभावकारी कार्यान्वयनमा विलम्ब हुन जान्छ । यसका कारण राज्यका फरकफरक अङ्गहरुका बीचमा मतभेद बढ्दै जाने खतरा पनि हुन्छ । यसबाट सङ्घ, प्रदेश र स्थानीय तह पनि प्रभावित हुन सक्छन् ।*
***– कल्याण श्रेष्ठ, पूर्वप्रधानन्यायाधीश***



- संविधान कार्यान्वयनमा अझै बिलम्ब भइरहेको छ ।
- न्यायमा सर्वसाधारणको पहुँच पुग्न सकेको छैन ।
- संविधानमा संरचनागत र प्रक्रियागत समस्याहरु छन् ।
- न्यायालयले राजनीतिक गर्ने होइन, गरेको पनि छैन ।

*२०३२ साउन १ गते शाखा अधिकृतका रुपमा नेपाल सरकारको सेवा प्रवेश गरेका कल्याणकुमार श्रेष्ठ जिल्ला र उच्च हुँदै सर्वोच्च अदालतको न्यायाधीश बने । उनी २०७२ असार २३ मा नेपालको प्रधानन्यायाधीशमा नियुक्त भए । २०७२ चैत ३० गतेसम्म प्रधानन्यायाधीशका रुपमा नेपालको सर्वोच्च न्यायालयको नेतृत्वमा रहेका पूर्वप्रधानन्यायाधीश श्रेष्ठ २००८ वैशाख १ गते जन्मिएका हुन् । पछिल्लो समय उनले आफूलाई साहित्य, नागरिकको अभिव्यक्ति स्वतन्त्रता, कानुन, समाज सेवा, नेपाली संस्कार र संस्कृतिसम्बन्धी विविध कार्यक्रमहरुमा व्यस्त राखिरहेका छन् । पूर्वप्रधानन्यायाधीश श्रेष्ठसँग राससका प्रमुख समाचारदाता एकराज पाठक र समाचारदाता कालिका खड्काले गरेको अन्तर्वार्ताको सम्पादित अंशः*

**नेपालको संविधानको कार्यान्वयनको अवस्थालाई कसरी नियाल्नुभएको छ ?**

– संविधान कार्यान्वयनको प्रारम्भिक चरण चुनौतीपूर्ण त हुन्छ नै । यसका साथमा संविधानसँग मानिसका आशा अपेक्षा पनि धेरै नै हुन्छन् । त्यसैले आशा र उपलब्धिको सन्दर्भबाट कार्यान्वयनको अवस्थालाई हेर्नुपर्ने हुन्छ । संविधान कार्यान्वयन भइरहेको छ । संविधानबमोजिम निर्वाचन भएका छन्, सरकार निर्माण भएका छन् । संविधान कार्यान्वयनको उद्देश्य नियमित कामभन्दा बाहेक जनताका आशा र भरोसाको प्रजातन्त्र कार्यान्वयन ठीक ढंगले हुनुपर्छ भन्ने पनि हो । नागरिकका नैसर्गिक अधिकारहरुको उपभोग गर्न पाएका छन् । यसका लागि कानुनहरु पनि ठीक ढङ्गले बन्नुपर्यो भन्ने मलाई लाग्छ ।

त्यसैगरी नागरिकमा सुशासनको प्रत्याभूति पनि हुनुप¥यो । कानुनी राज्य छ भन्ने अनुभूति जनतामा हुनुप¥यो । यसका साथसाथै देशमा विकासका कामहरुले पनि अग्रगति पाउनुपर्छ । नियन्त्रण र सन्तुलनको व्यवस्था पनि नियमित रुपमा सञ्चालन हुनुपर्ने हो । त्यसरी हेर्दा व्यवधानहरु धेरै देख्छु । यसरी हेर्दा सङ्घीयताको कार्यान्वयन त भइरहेकै छ तर अझै पनि मैले यसलाई आलोकाँचो कार्यान्वयनका रुपमा हेरेको छु ।

कार्यान्वनयन पूर्णरुपमा हुन नसकेको गुनासो जनमानसमा पनि सुनिन्छ । संसदले बनाउनुपर्ने ऐन, कानुनहरु अहिलेसम्म बनाउन सकेको अवस्था छैन । महिनौँसम्म संसद् अधिवेशन चल्दा एउटा मात्रै ऐन बनाउन सकेको समाचार हामीले सुनिरहेका छौँ । आवश्यक पर्ने कानुन नबन्दा संविधान अनुकूल बनेका अङ्गहरुले पनि प्रभावकारी तरिकाले काम गर्न सक्दैनन् । यो कुरा सम्बद्ध सबैले बुझ्नु जरुरी छ ।

नेपालको संविधान जारी भएपछि देश र जनताका सबै खालका समस्याहरु समाधान हुन्छन् भन्ने आश्वासन नेताहरुले जनतालाई दिएका थिए । नागरिक पनि त्यसैको पर्खाइमा थिए । तर संविधान जारी भएर सङ्घीयता आएपछि पनि जनताका समस्या र समृद्धिका सपना भने पूरा हुन सकेको देखिएको छैन । समस्याहरु थाती नै रहेको जनगुनासो व्यापक छ । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा पनि कानुनको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ । यसको अभाव हुन दिनु हुँदैन । त्यसैले मलाई लाग्छ संविधान कार्यान्वयनमा त आएकै छ तर पनि यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन । त्यसैले जनताको विकास र समृद्धिको सपना अझै पूरा हुन सकेको छैन ।

**तर देशका नेताहरुले त मुलुकले लामो सङ्घर्षपछि सङ्घीयता पाएको हो । हामी अहिले पनि सङ्घीयता कार्यान्वयनको प्रारम्भिक चरणमा छौँ, अहिले नै सबै कार्यान्वयन सम्भव पनि छैन । संविधान र सङ्घीयता कार्यान्वयनका लागि समय पर्याप्त भइसकेको छैन भन्नुहुन्छ नि ?**

– हामी सङ्घीयता कार्यान्वयनको प्रारम्भिक चरणमा छौँ, यो सही कुरा हो । त्यसकारण हामी सिक्दैछौँ भन्ने कुरा सहज नै भयो तर प्रारम्भिक चरण त झनै दुरत गतिमा संविधानको कार्यान्वयन गर्ने हो नि । कमीकमजोरी छन् भने थाहा हुन्छ र सच्याउन पनि अहिले नै सजिलो हुन्छ । तुरुन्तै सच्याएर जानुपर्छ । पर्ख र हेर भन्ने छुट हामीलाई छैन । नेपाल विकासशील मुलुक हो । अझै यसका लागि कति समय या अवधि माग्ने भन्ने कुरा हुँदैन भन्छु म । संविधानको कार्यान्वयन गर्ने संयन्त्रलाई अझ बढी चुस्त र द्रुत बनाउनु जरुरी छ । अहिले नै यसलाई चुस्त र छरितो अनि स्पष्ट बनाउँदै गइएन भने सङ्घीयताको प्रभावकारी कार्यान्वयनमा विलम्ब हुन जान्छ । यसका कारण राज्यका फरकफरक अङ्गहरुका बीचमा मतभेद बढ्दै जाने खतरा पनि हुन्छ । यसबाट सङ्घ, प्रदेश र स्थानीय तह पनि प्रभावित हुन सक्छन् । त्यसो भए उहाँहरुलाई मेरो प्रश्न छ–संविधान कार्यान्वयन गर्न बनाएको हो कि पर्खन ? अनि सङ्घीयता कार्यान्वयन फटाफट नगरेर हामी कहिलेसम्म पर्खने त ? हामीले संविधान पर्खिनका लागि बनाएको हो ? त्यो तरिका ठीक होइन । जारी गर्ने बित्तिकैदेखि संविधानको कार्यान्वयनका लागि आवश्यक सबै बाटोहरु फुकाउँदै जानुपथ्र्यो । यसमा अझै विलम्ब भइरहेको छ । त्यसैले मलाई लाग्छ संविधानको कार्यान्वयनलाई पर्खने, टार्ने, पर सार्ने वा माफी माग्ने कुनै पनि तर्कसँग सहमत रहन सकिन्न ।

**प्रदेश सरकार गठनका प्रक्रियाहरुका बारेमा अदालतमा नियमित रुपमा मुद्दा आउने गरेका छन् । सरकार गठनका स–साना मुद्दा पनि सर्वोच्च अदालतमा आउने गरेका छन् । मुलुकमा भइरहेको यो पछिल्लो अभ्यासलाई यहाँले कसरी लिनुभएको छ ?**

– यसमा केही समस्या त संविधानमा पनि छ । सङ्घीय र प्रदेश सरकारको पनि संरचनागत समस्या यसमा देखिन्छ । सुधारिएको संसदीय व्यवस्था भनिएकाले सुधार भएको पनि देखिनुपर्दछ । सङ्घीय सरकारका विरुद्धमा दुई वर्षसम्म अविश्वासको प्रस्ताव लान नपाउने भनिएको त छ तर पनि त्यो सरकारले पूरा दुई वर्षसम्म जरो गाडेर बस्न पनि नसक्ने अनि अविश्वासको प्रस्ताव लान पनि नसक्ने अवस्था देखिएको छ । प्रजातन्त्र भनेको प्राविधिकरुपमा जिउने होइन कि यसबाट व्यवस्थालाई नै जीवन्त बनाउने हो । संविधानमा संरचनागत र प्रक्रियागत समस्याहरु पनि छन् । फेरि यसमा बाधा अड्काउ फुकाउको व्यवस्था पनि छैन । सबै कुरा अदालतमा लाने परिपाटी छ । केही राजनीतिमा इमान, निष्ठा र क्षमताका कुराहरुको पनि जोहो गर्नुपर्छ नि, त्यो देखिएन ।

कतिपय राजनीतिक स्थानमा नै समस्याका सामाधानहरु खोज्नुपर्ने हो तर प्रत्येक कुरालाई अदालतमा लैजाने काम भएको छ । अदालतमा समय लाग्ने, ढिला गर्ने यस्तो गरेर समय बर्बाद पार्ने काम गर्नु हुँदैन । कैयौँ राजनीतिक मुद्दाहरु राजनीतिक रुपमै समाधान गर्ने गरी दलहरुले न्यूनतम सहमति जुटाउनुपर्छ तर त्यो हुन सकेको अवस्था पनि देखिँदैन । पछिल्लो समय त झन् राजनीतिक नेतृत्वमा बहानाबाजी बढेको देखिएको छ र यसको अवसर जनतामा परेको छ । आफ्नो विवाद आफूले समाधान गर्न न्यूनतम सहमति बनाउनुपर्छ । असुविधा जनतालाई भएको छ । आफ्नो विवाद अन्त पठाउने संस्कृति संविधानले पनि धेरै बनाएको छैन कि जस्तो मलाई लाग्छ । यस्तै कारणले यहाँले भनेजस्तै सानातिना विषयवस्तु एवं राजनीतिक मुद्दाहरु पनि अदालतसम्मै पुगिरहेका हुन् ।

**मुलुक एउटा राज्य प्रणालीबाट अर्कोमा जाँदाको सङ्क्रमणकालीन अवस्थामा त्यस देशको सर्वोच्च न्यायालयको भूमिका कस्तो हुनुपर्छ ?**

– सर्वोच्च अदालतको भूमिका त सधैँ रहन्छ नै । कानुनी राज्यको अर्थ सीमित शासन भन्ने हुन्छ । कसैको पनि अधिनमा रहन्न । कानुनको अन्तिम व्याख्या गर्ने निकाय सर्वोच्च अदालत नै हो । अदालतमा आएका प्रश्नहरुलाई अदालतले हुँदैन वा गर्दिन भन्न पनि मिल्दैन । उसले ब्यहोनुपर्छ । कम प्रश्न आए कम जवाफ र धेरै प्रश्न आए धेरै जवाफ दिनुपर्ने हुन्छ । पन्छिने कुरा त आउँदैन तर विवाद कति अदालतमा सुम्पिने भन्ने राजनीतिक प्रश्न हो नि । यस्तो त संविधानमा लेखिने प्रश्न पनि हो । यस्तो सङ्क्रमणकालीन अवस्थाबाट राज्य व्यवस्था सञ्चालन भइरहेका बेला राजनीतिक क्षेत्रमा धेरै समस्या हुन्छन् र त्यसको प्रत्यक्ष असर कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सबैतिर देखिन्छ । कतिपय अवस्थामा नेताले आफूलाई सुविधाजनक अवस्थामा राख्ने अवस्था पनि आएको हुन्छ । नागरिकले संविधानमा व्यवस्था भएकै कतिपय अधिकारहरु पनि पाउन नसकेको अवस्था पनि हुनसक्छ । यस्तो सङ्क्रमणकालीन राजनीतिक अवस्थामा नेताले अथवा पहुँच हुनेले जितेको र जनताले हारेको परिस्थिति समेत निर्माण भइरहेको हुनसक्छ । यस्तो बेलामा मुलुकको न्यायालयको भूमिका अघिपछिको भन्दा महत्वपूर्ण हुन्छ र उसले कानुनी राज्यको आभास दिलाउने गरी काम गरेको हुन्छ ।

**पछिल्लो समय मुलुकको न्यायालयमाथि विवाद देखिएको छ । न्यायालयप्रतिको मर्यादा र साख पनि घट्दो क्रममा छ भन्ने आवाजहरु पनि सुन्ने गरिएको छ । यसप्रति यहाँको धारणा के छ ?**

– न्यायालयको मर्यादा र त्यसको सम्मान कम भएर न्यायालयको साख गिरेको छ भन्ने भाष्य कहीँ कतैबाट पनि निर्माण गर्न हुँदैन । न्यायालयले आफ्नो काम गरिरहेकै छ । न्यायालयले राजनीतिक गर्ने होइन, गरेको पनि छैन । उसको काम आफूसमक्ष प्रस्तुत हुन आएका विवादहरुको निष्पक्ष समाधान दिने हो । यो काम न्यायालयले गरिनै रहेको छ । अनि अर्को मलाई लागेको सबैभन्दा महत्वपूर्ण कुरा न्यायालयले दिएका निर्णयहरु कार्यान्वयन नभएको अवस्था भने छैन । केही कानुनी समस्याहरु छन् तर मूलरुपमा राजनीतिक एवं संवैधानिक क्षेत्रमा पनि सम्बन्धित दल या व्यक्ति विशेषलाई अप्रिय लागे पनि कानुनअनुसार नै निर्णयहरु भएका छन् र ती निर्णयहरुको कार्यान्वयन पनि भएकै अवस्था छ । न्यायालयको मान मर्यादा घट्नुपर्ने विन्दुमा नै पुगेको छ भन्ने मलाई लाग्दैन तर संविधान निर्माण गर्दा राजनीतिक तत्व हाबी भने भएकै हो । न्यायालयको संवेदनशीलतालाई जुन स्थानमा राख्नुपर्ने हो त्यो राखिएको छैन भन्ने मेरो धारणा छ । नियुक्तिका संयन्त्रहरुमा पनि कहीँ न कहीँ राजनीतिक असर परेको छ तर त्यसका बाजदुत पनि कुनै व्यक्ति न्यायालयमा प्रवेश गरेपछि भने आफ्नो भरपुर क्षमताले निस्पक्षरुपमा काम गरेको छ ।

**संविधान कार्यान्वयनकै विषयमा कुरा गर्दा यहाँ नै सर्वोच्च अदालतको न्यायाधीश हुँदा दिएको सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन अहिलेसम्म भएको छैन ? त्यो किन ढिलाइ भएको होला ? न्यायिक दृष्टिकोणबाट कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

–सङ्क्रमणकालीन न्यायमा ढिलाइ हुनाका कारण त धेरै होलान् तर मुख्य कुरा चाहीँ राजनीतिक निष्ठाको प्रश्न हो । यस विषयमा न्यायालयबाट नेपालको राष्ट्रिय परिवेशमा अदालतबाट जे जति उत्तर दिनुपर्ने हो, त्यो अदालतको फैसलाबाट दिइसकेको छ । के गर्न बाँकी हो भन्ने कुरा पनि मार्गनिर्देश भइसकेको छ । त्यसका बाबजुत पनि वर्षौंवर्षसम्म पनि त्यो फैसलाको कार्यान्वयन नगर्नु भनेको राजनीतिक क्षेत्रको इच्छाशक्तिकै अभाव हो भन्छु म । यसलाई त अझ दण्डनीय किसिमको इच्छाशक्तिको अभावभन्दा पनि फरक पर्दैन । फैसला कार्यान्वयन गर्नेगरी कानुनको संशोधन गर्नु अनिवार्य छ । त्यो अनिवार्यताको इमान्दारिताका साथ पालना गर्नुपर्छ । अरू देशमा कस्तो कस्तो अभ्यास भएको छ भनेर दौडधुप गरेर सयम बिताउने संस्कृति आजको दिनमा पनि मौलाइरहेको मैले देख्छु । त्यो आवश्यक छैन । सङ्क्रमणकालीन न्यायको विषयमा यो वा त्यो बहाना गरेर अयन्त्र कतै घुमफिर गरेर सर्वोच्च अदालतले गरेको फैसलाको आलटाल गर्न मिल्दैथ्यो । खोइ किन हो राजनीतिक दलहरुमा विलम्ब भएकामा चिन्ताभन्दा पनि यसैमा रमाएको देख्छु । पीडितको पीडालाई आफ्नै ठानेर राज्य संयन्त्रमा रहेकाहरुले काम गरिदिनुपर्छ । ऐन संशोधन गर्न आलटाल गर्नुहुँदैन । यस्तो काम गैरन्यायिक त हो नै गैरजिम्मेवार पनि हो । पीडितलाई जतिसक्दो छिटो न्याय दिनुपर्ने विषयमा राजनीतिक दलहरु गम्भीर हुनुपर्छ भन्ने मलाई लाग्छ ।

**न्यायमा सर्वसाधारणको सहज पहुँच अझै पुग्न सकेन, न्याय महङ्गो भयो भन्ने गुनासो छ नि ?**

– न्यायमा सर्वसाधारणको पहुँच पुग्न सकेको छैन । त्यो मात्र होइन, उजुरी गर्ने हक नै कम छ । चित्त नबुझेको मानिसले न्यायालय जान पाउने हक हो । त्यसको प्रयोग नागरिकले गर्नुपर्छ । न्यायमा पहुँच नपुग्नुको कारण कानुनी राज्यको अवधारणालाई प्रभावकारीरुपमा आत्मसात् गर्न नसक्नु हो । सर्वोच्च अदालतमा न्यायमा पहुँचसम्बन्धी आयोग पनि छ तर त्यसका कार्यक्रम गर्नका लागि आवश्यक स्रोत, साधन र क्षमता छैन । जनतासँगको सम्पर्क चाहिन्छ । ऐन, कानुनको सहज वितरण, निःशुल्क न्याय दिनुपर्ने हुन्छ । अदालतमा हेर्दा त वास्तवमा नागरिकलाई न्यायका खर्च नै हुँदैनभन्दा पनि हुन्छ । मलाई लाग्छ हामी संसारमै सबैभन्दा थोरै बजेटमा काम गर्नेमा पर्छौं । तर यदि न्यायका क्रममा नागरिकको धेरै बजेट खर्च भएको छ भने त्यो कहाँ जान्छ उहाँहरुले नै खोज्नुपर्ने विषय हो । न्यायमा पहुँच पु¥याउने विषयमा जनता, वकिल, न्यायाधीश, नेता कोहीले पनि ध्यान दिएको देखिँदैन । त्यसका लागि छुट्टै बजेट जरुरी पनि छ । तर त्यो हुन सकेको छैन । न्यायमा सबै नागरिकको पहुँचका विषयमा न्यायलय र सबै पक्ष जागरुक हुनु र लाग्नु जरुरी छ ।

न्यायालयमा मुद्दाको खर्चबापतमा संसारको सबैभन्दा कम खर्च छ हामीकहाँ । हाम्रो त अदालतती प्रक्रिया सस्तो छ तर पैसा कसको पकेटमा परेको छ भन्ने बारेमा अध्ययन गर्नुस् । कानुन व्यवसायीमा जान्छ कि कहाँ जान्छ ? उनीहरुसँग हिसाब भाग्नुभएको छ ? पैसा अन्यत्रै बुझाउने र हिसाब चाहिँ अदालतमा देखाएर न्याय महङ्गो भयो भन्न मिल्ला र ? अदालतमा बुझाएको पैसा मात्र अदालती फी हो । अदालतले भन्दा बाहिर बुझाएको पैसाको जवाफ अदालतले दिन सक्दैन । न्यायमा महङ्गो अन्य कारणले भएको होला । त्यसको जवाफ त अदालतले दिन सक्दैन ।


**भीडलाई हेरेर आदेश वा फैसला हुने गरेको आरोप पनि बेलाबेला न्यायालयप्रति लाग्ने गरेको छ । यसमा यहाँको अनुभव कस्तो छ ?**

–यो कुनै एक घटना या विषयसँग जोडेर सामान्यीकरण गरेर भन्न मिल्ने विषय होइन । यसरी भन्न पनि अप्ठयारो छ । अमुक मुद्दामा मानिसले अमुक धारणा बनाएका हुन्छन् । त्यो सबैको धारणा सुनेर पनि हुँदैन । सामान्यतया जनताका आवाज सुन्नु त राम्रै हो तर पनि अखबार पढेर न्यायाधीशले निर्णय गर्ने होइन र गरेका पनि छैनन् । कानुन र मिसिल हेरेर नै निर्णय गर्ने हो । कहीँ कतै मानिसलाई लागेको हुन सक्छ तर त्यतिमात्रै पनि होइन । सरकारले कहिलेकाहीँ न्यायालयलाई भारको रुपमा हेरेको हुन्छ, त्यसो गरिनु हुँदैन । अदालती दस्तुर पनि अत्यन्तै कम छ । भीडलाई हेरेर अदालतले फैसला गर्छ भन्ने कुरा गलत हो ।

**नेपालको न्यायालयमा थप सुधार गर्नका लागि के गर्नुपर्छ भन्ने लाग्छ ?**

–संवैधानिक संरचनादेखि नै हेर्नुपर्ने हुन्छ । प्रक्रियागत समस्या पनि छन् । वृहत् अर्थमा चाँहि सुधारको छुट्टै कार्ययोजना बनाएर एउटा प्याकेजमा सायद कुरा गर्नुपर्छ । समाजमा न्यायका सरोकारवाला पक्षहरु धेरै छन् । सरोकारवाला पक्षहरुलाई समेत समेटेर सबैको हितमा हुने र रहने गरी सबैसँगको आवश्यक सम्बादबाट रचनात्मक ढङ्गले अघि बढ्नुपर्छ । यसो गर्न सकियो भने यस क्षेत्रमा उठेका प्रश्नहरुको पनि उचित रुपमा सम्बोधन गर्न सकिन्छ । यहाँले अघि भनेजस्तै कतिपय अवस्थामा न्यायालयमाथि अहिले नागरिकस्तरबाट पनि प्रश्न चाहिँ उठिरहेकै छन् । तिनको निराकरणका लागि पनि यस प्रकारको न्यायिक पुनर्संरचना आवश्यक छ भन्ने मलाई लाग्छ । रासस

# विकासको गतिलाई तीव्रता दिनुपर्छः भट्टराई




**काठमाडौँ ।**
पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले मुलुकको आर्थिक समृद्धिलाई तीव्रता प्रदान गर्न राजनीतिक नेतृत्वलाई सुझाव दिएका छन् । राष्ट्रिय समाचार समिति (रासस)द्वारा गणतन्त्र दिवस–२०८१ का अवसरमा आयोजित 'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' शीर्षकको तस्बिर प्रदर्शनीको बुधबार अवलोकनपछि उनले जनआकाङ्क्षाअनुरुप मुलुकको चौतर्फी विकास र आर्थिक समृद्धिका लागि तीव्र गतिको बोध नेतृत्वले गर्नुपर्ने बताए । 'मान्छेका आकाङ्क्षा धेरै हुन्छन् । चाहनाअनुरुप केही भइरहेको छ । तर हाम्रो गति चाहिँ तीव्र हुनुपर्छ । किनकी हामी विश्वका अन्य विकसित देशभन्दा झण्डै डेढ सय वर्षपछि छौँ । त्यसलाई भेटाउन चाँडो दौडिनुपर्छ । राजनीतिले यसको नेतृत्व गर्ने भएकाले राजनीतिक नेतृत्वले यसको बोध गरोस् भन्ने सबैको चाहना हो' उनले भने ।

डा भट्टराईले गणतन्त्रबाट प्राप्त उपलब्धिबारे चर्चा गरे । आर्थिक परिवर्तनका लागि पूर्वाधार निर्माण भइरहेको उल्लेख गर्दै उनले यस व्यवस्थामा केही हुँदै नभएको भन्ने गलत भाष्यलाई चिर्नुपर्ने बताए । 'हामीले राजनीतिक परिवर्तनपछि अब आर्थिक परिवर्तनको युग सुरु भयो भनेका छौँ । त्यसका लागि आधार भनेकै पूर्वाधार हो । केही भइरहेका छन्, केही भइसकेका छन' उनले भने, 'नेपालमा केही भएको छैन, केही हुँदै भएन भन्ने गलत भाष्य चिर्न यो तस्बिर प्रदर्शनीले सकारात्मक योगदान गर्ने अपेक्षा छ ।' डा भट्टराईसँगै पूर्वमन्त्री एवं नेत्री हिसिला यमीले पनि उक्त तस्बिर प्रदर्शनी अवलोकन गरिन् । यमीले भौतिक पूर्वाधारको निर्माणलाई स्थानीयको सहभागितासँग जोडेर उनीहरुको अपनत्व ग्रहण गराउनसक्नुपर्ने सुझाव दिइन् । पूर्वाधार निर्माण आर्थिक व्यवहारसँग जोड्न सक्नुपर्ने र त्यसका लागि राजनीतिक नेतृत्व जिम्मेवार हुनुपर्ने उनको भनाइ थियो । 'विकास मात्र गरेर पुग्दैन यसलाई अपनत्वसहित तल्लो तहसम्म व्यक्तिको जनजीवन र सीपसँग जोडनुपर्छ । निर्यातसँग पनि जोडनुपर्छ । सबै प्याकेजमा हुनुपर्छ' उनले भनिन् । पूर्वप्रधानमन्त्री भट्टराई र पूर्वमन्त्री यमीलाई राससका कार्यकारी अध्यक्ष धमेन्द्र झा र महाप्रबन्धक सिद्धराज राईले प्रदर्शनीमा राखिएका तस्बिरबारे अवगत गराएका थिए । गत जेठ १० गतेदेखि सुरु भएको प्रदर्शनी यही असार १० गतेसम्म सञ्चालन हुनेछ । रासस

# १२ अर्ब १३ करोड बढी राजस्व सङ्कलन




**झापा ।**
मेची भन्सार कार्यालय काँकडभिट्टाले चालु आर्थिक वर्षको ११ महिनामा १२ अर्ब ९३ करोड १७ लाख ३७ हजार राजस्व सङ्कलन गरेको छ । भन्सार कार्यालयले चालु आब सकिन एक महिना बाँकी हुँदा लक्ष्यको ७७ दशमलव ५७ प्रतिशत राजस्व सङ्कलन गरेको हो ।

मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी गणपति कँडेलका अनुसार चालु आवको ११ महिनामा गत आवको सोही अवधिको तुलनामा आयात तीन दशमलव ६१ प्रतिशतले घट्दा निर्यात भने १० दशमलव ७६ प्रतिशतले वृद्धि भएको छ । उनका अनुसार काँकडभिट्टा भन्सारबाट ४० अर्ब ७९ करोड ६१ लाख ७२ हजार रुपैयाँको मालवस्तु आयात हुँदा २२ अर्ब २१ करोड ९० लाख १० हजार रुपैयाँको मालवस्तु निर्यात भएको छ ।

चालु आवको जेठसम्म गत आवको तुलनामा निर्याततर्फ छुर्पी ६५ दशमलव २९ प्रतिशत, प्लाउड ५६ दशमलव ३३ प्रतिशत, अदुवा ३५ दशमलव ४५ प्रतिशत, अम्रिसो ३१ दशमलव ३४ प्रतिशत र भेनियस सिट १२ दशमलव ५७ प्रतिशतले वृद्धि भएको सूचना अधिकारी कँडेलले जानकारी दिए । अलैँची दुई दशमलव ६१ प्रतिशत र चिया १३ दशमलव ४२ प्रतिशतले निर्यात घटेको उनले बताए ।

यसैगरी, पेट्रोल, फलामका सामग्री र विद्युतीय उपकरणलगायत आयातमा सामान्य वृद्धि हुँदा डिजेल, हवाई इन्धन, तरकारी, जुट, जिप्सम, कपडा, एलपिजीलयायत सामग्री आयात भने गत आवको ११ महिनाको तुलनामा चालु आवको सोही अवधिमा घटेको छ । काँकरभिट्टा नाकाबाट आयात हुने पेट्रोल, डिजेल, जुट र जुटबाट बनेका सामान, खाना पकाउने ग्यास, सबै प्रकारका तरकारी, जिप्सम, अलकिड रेजिन, सबै प्रकारका कपडा तथा फलफूल (जुससमेत), भेनियस सिटलगायत छन् । यो नाकाबाट अलैँची, फलामका पाता, प्लाइउड, चिया, छुर्पी, अम्रिसो, अदुवा, सुठो, धातुका अन्य अवशेष, भेनियस सिट, क्लिङ्करलगायत सामग्री निर्यात हुने गरेका छन् । रासस

# नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अङ्कको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक दुई दशमलव २७ अङ्कले बढेर दुई हजार ७८ दशमलव ७६ को बिन्दुमा कायम भएको हो । बुधबार तीन सय आठ कम्पनीको ७२ लाख नौ हजार सात सय ५७ कित्ता शेयर ४८ हजार सात सय ६ पटक खरिदबिक्री हुँदा तीन अर्ब ४० करोड ४३ लाख ७२ हजार ६ सय ३२ रुपैयाँ बराबरको कारोबार भएको छ । बुधबारको कारोबारमा बैंकिङ शून्य दशमलव १४, वित्त दुई दशमलव ६२, जलविद्युत् शून्य दशमलव ३२, लघुवित्त शून्य दशमलव १४, निर्जीवन बीमा समूह शून्य दशमलव १७ र अन्य समूहको उपसूचक शून्य दशमलव १६ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ ।

विकास बैंक समूह शून्य दशमलव १२, होटल तथा पर्यटन शून्य दशमलव ३६, लगानी शून्य दशमलव १८, जीवन बीमा शून्य दशमलव १३, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ४३, म्युचुअल फन्ड शून्य दशमलव ०७ र व्यापार समूह एक दशमलव ३२ प्रतिशतले घटेको छ । नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ८८ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको २० करोड २३ लाख ३८ हजार एक सय ४० रुपैयाँ बराबरको दुई लाख ८५ हजार ४० कित्ता शेयर किनबेच भएको छ । रासस

# बजेट वितरणमा सूचकको प्रयोग गर्दै भरतपुर महानगर




**चितवन ।**
भरतपुर महानगरपालिकाले सूचकका आधारमा वडा कार्यालयहरुलाई बजेट वितरण गर्ने भएको छ । आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेटमा सो व्यवस्था कार्यान्वयन गर्न लागिएको हो । महानगरले पहिलो पटक राम्रो काम गर्ने वडालाई केही बढी बजेट बिनियोजन गर्ने नीति लिएको हो । महानगरपालिकाका आर्थिक प्रशासन महाशाखा प्रमुख जगन्नाथ अर्यालले सुत्रका आधारमा गरिएको मूल्याङ्कनका आधारमा बजेट विनियोजन गर्न लागिएको बताए । महानगरले आगामी आर्थिक वर्षका लागि वडाको 'सिलिङ' ८२ करोड रुपैया विनियोजन गरेको छ । यसमध्ये ७५ करोड रुपैयाँ २९ वटा वडालाई बराबर वितरण गरिने छ । यसबाट प्रत्येक वडाले दुई करोड ५८ लाख ६२ हजार रुपैयाँ न्यूनतम पाउनेछन् । बाँकी सात करोड सूचकका आधारमा वितरण गरिँदै छ ।

उनका अनुसार राजस्व तुलनात्मकरुपमा बढी उठाउने, पुँजीगत खर्च बढी गर्ने, जनसंख्या, भौगोलिकता, असल अभ्यास, असल काम, शिक्षा, वातावरण, हरियाली लगायतका शीर्षकमा एक सय नम्बर राखेर मूल्याङ्कन गरी वडा छनोट गरिएको हो । सुचकमा पहिलो वडा नं २ भएको छ । यस वडाले दुई करोड ९० लाख दुई हजार रुपैयाँ बजेट पाउने भएको छ । दोस्रोमा वडा नं ३ पर्न सफल भएको छ । यस वडाले दुई करोड ८९ लाख ५१ हजार रुपैयाँ बजेट पाउने भएको हो । त्यसैगरी तेस्रोमा वडा नं २० परेको छ । यस वडाले दुई करोड ८९ लाख ४५ हजार रुपैयाँ प्राप्त गर्ने भएको छ । यस्तै सबै भन्दा कम बजेट पाउने वडा नं २४ रहेको छ । यस वडाले दुई करोड ७४ लाख २८ हजार पाउने भएको छ । चालु आर्थिक वर्षमा सबै वडाले दुई करोड ६५ लाख रुपैयाँका दरले रकम पाएका थिए ।

पहिलो नम्बरमा परेको वडा नं २ का अध्यक्ष मनोज रानाभाटले महानगरपालिकाले तोकेका सूचकमा राम्रो अङ्क पाएर आफ्नो वडा उत्कृष्ट भएको जानकारी दिए । उनकाअनुसार गत आर्थिक वर्षकोभन्दा दोब्बर कर सङ्कलन भएको छ । गत वर्ष एक करोड पाँच लाख रुपैयाँ राजस्व सङ्कलन भएकोमा अहिले दुई करोड रुपैयाँ नाघेको छ । विद्यालयको एक सय मिटरभित्र सुर्तीजन्य पदार्थ पूर्ण निषेध गरिएको छ । सबै घरधुरीको तथ्याङ् 'अनलाइन'मा अद्यावधिक गरिएको छ । वडाभित्र पूर्ण रुपमा 'स्मार्ट लाईट' जडान गरिएको छ । नमस्ते चोकदेखि मेयर चोकसम्म रात्रिकालीन बजारको तयारी गरिएको छ ।

गमला राखेर वडालाई हरियाली बनाइएको छ । लागुऔषध नियन्त्रणका लागि टोलटोलमा समिति बनाएर रात्रिकालीन गस्ती गरिएको छ । वातावरण मैत्री तथा पूर्ण सरसफाइको वडा घोषणा गर्ने तयारी गरिएको छ । रानाभाटले मूल्याङ्कन गरेर पहिलो हुन पाएकोमा थप ऊर्जा पैदा भएको बताए । वडा नं ३ का अध्यक्ष विकास थापाले आफूले गरेको कामको मूल्याङ्कन भएको बताए । उनले भने, 'वडाले महानगरले दिएको सूचकभित्र रहेर काम गरिरहेको छ ।'

महानगर प्रमुख रेनु दाहालले सकारात्मक प्रतिस्पर्धा हुने गरी पहिलो पटक आफूहरुले सूचकको आधारमा वडालाई बजेट विनियोजन गर्न लागेको जानकारी दिइन् । उनले भनिन्, 'वडाहरुबीचमा सकारात्मक प्रतिस्पर्धा भएर विकास र आम नागरिकको हितमा बढीभन्दा बढी काम गर्न यसले ऊर्जा पैदा गर्दछ ।' महानगरले चालु आर्थिक वर्षमा ६ अर्ब ३१ करोड रुपैयाँको बजेट ल्याएको थियो । आगामी आर्थिक वर्षका लागि ६ अर्ब ६० करोड रुपैयाँ बढीको बजेट ल्याउने तयारी गरेको छ । रासस

# अलराउन्डर वरियतामा दीपेन्द्रसिंह ऐरी छैटौं स्थानमा




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरी आइसीसी टी–२० अन्तर्राष्ट्रिय अलराउन्डर वरियतामा छैटौं स्थानमा उक्लिएका छन् । आइसीसीले मंगलबार सार्वजनिक गरेको टी–२० अलराउन्डरको नयाँ वरियताक्रममा दीपेन्द्रले ३ स्थान सुधार गरेका हुन् । यसअघि उनी नवौं स्थानमा थिए । वरियता सुधार्ने क्रममा दीपेन्द्रले भारतीय अलराउन्डर हार्दिक पाण्ड्यालाई समेत उछिनेका छन् । आइसीसीले जारी गरेको वरियताअनुसार अष्ट्रेलियाका मार्कस स्टोनिस विश्व अलराउन्डर वरियतामा एक स्थान सुधार गर्र्दै पहिलो स्थानमा उक्लिएका छन् । श्रीलंकाका वनिन्दा हसरङ्गा दोस्रो स्थानमा, बंगलादेशका शकिल अल हसन तेस्रो स्थानमा छन् । चौथो स्थानमा अफगानस्थानका मोहम्मद नाबी रहेका छन् भने पाँचौंमा जिम्बावेका सिकन्दर राजा रहेका छन् । त्यस्तै, दीपेन्द्र पछाडी सातौं नम्बरमा भारतका हार्दिक पाण्ड्या, आठौंमा इङ्ल्यान्डका लाइम लिभिङस्टोन र इंग्ल्यान्डकै मोइन अली नवौं स्थानमा छन् । शीर्ष १० मा दक्षिण अफ्रिकाका एडेन मक्रम पनि परेका छन् ।

नेपालकै कुशल मल्लको भने वरियता एक स्थानले खस्किएको छ । यसअघि ३५औं स्थानमा रहेका कुशल एक स्थान तल झर्दै ३६औं स्थानमा पुगेका छन् । कप्तान रोहित पौडेलले ११ स्थान सुधार गर्दै ५५ औं स्थानमा उक्लिएका छन् । गुल्सन झा भने ६ वरियता खस्किएका छन् । यसअघि उत्कृष्ट १०० मा नै नपरेका कुशल भुर्तेल भने यस पटक ४३ स्थान सुधार गर्दै ७० औं स्थानमा आएका छन् ।

# भारतमा बाढीमा परी मृत्यु हुनेको संख्या ३१ पुग्यो

**सिन्हा**
**नयाँदिल्ली ।**
भारतको उत्तरपूर्वी राज्य आसाममा चलिरहेको बाढीमा परी मृत्यु हुनेको संख्या ३१ पुगेको अधिकारीले बुधबार बताएका छन् । प्रहरीका अनुसार मङ्गलबार राति आसामको मुख्य सहर गुवाहाटीबाट करिब २८१ किलोमिटर दक्षिणपूर्वमा रहेको करिमगञ्ज जिल्लाको बदरपुर क्षेत्रमा वर्षापछि आएको पहिरोमा परी एक नाबालकसहित पाँच जनाको मृत्यु भएको छ । अधिकारीले पीडित महिला र उनका तीन छोरीको पहिचान गरिएको बताउनुभयो । भग्नावशेषबाट तीन वर्षीय बालकको शव पनि निकालिएको छ । असम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एएसडिएमए) ले बाढीका कारण १५ जिल्लाका एक लाख ६१ हजार २०९ व्यक्ति प्रभावित भएको जनाएको छ ।

सबैभन्दा बढी प्रभावित जिल्ला करिमगञ्जमा एक लाख ५२ हजार १३३ जना मानिस बाढीले प्रभावित भएका छन् । बाढीले प्रभावित जिल्लाहरूको एक हजार ३७८.६४ हेक्टर बाली उत्पादन क्षेत्रलाई पनि असर पारेको छ । हाल ४७० गाउँ पानीमा डुबेका एएसडिएमएले जनाएको छ । स्थानीय सरकारले प्रभावित क्षेत्रमा ४३ वटा राहत शिविर र वितरण केन्द्र खोलेको छ जसमध्ये अधिकांश करिमगञ्जमा स्थापना गरिएको छ । अधिकारीले राहत शिविरमा पाँच हजार ११४ जनालाई शरण दिँदै राहत कार्य जारी रहेको बताए । तटबन्ध, सडक र पुलहरू लगायत पूर्वाधारमा भएको क्षतिको परिमाणले प्रभावित जनसंख्यालाई सहायता प्रदान गर्न कठिनाइहरू बढाएको उनीहरूले बताए । गत महिना पश्चिम बङ्गाल र बङ्गलादेशको तटमा आएको चक्रवात रेमलपछि भारी वर्षाले गर्दा आसाम र मणिपुर राज्यमा क्षति पुगेको छ ।

# थाइल्यान्डले समलिङ्गी विवाहलाई मान्यता दिने

**एएनआई**
**बैंकक ।**
थाइल्यान्डको सिनेटद्वारा विवाहसम्बन्धी समानता विधेयक पारित गरेपछि अब देश समलिङ्गी विवाहलाई मान्यता दिने दक्षिणपूर्वी एसियाको पहिलो राष्ट्र बन्ने अल जजिराले जनाएको छ ।

माथिल्लो सदनमा मङ्गलबार उपस्थित १५२ सदस्यमध्ये विधेयकको पक्षमा १३०, बिपक्षमा ४ र १८ अनुपस्थित भएसँगै विधेयक बहुमतका साथ पारित भएको हो । यो विधेयक अब औपचारिक स्वीकृतिका लागि राजा महा भाजिरालोङ्गकोर्नका समक्ष प्रस्तुत गरिनेछ र शाही राजपत्रमा प्रकाशित भएको १२० दिनपछि लागू हुने अल जजिराले बताएको छ ।

ताइवान र नेपालपछि समलिङ्गी विवाहलाई अनुमति दिने कानुन लागू गर्ने थाइल्यान्ड तेस्रो एसियाली मुलुक हुनेछ । समलिङ्गी अधिकारकर्मीहरूले थाईल्याण्डको यस कार्यको उच्च प्रशंसा गरेका छन् । विधेयकले पुरुष, महिला, पति र पत्नीलाई लैङ्गिक–तटस्थ शब्दमा पुनः नामाकरण गरेको छ र विवाहलाई दुई व्यक्तिहरू बिचको साझेदारीको रूपमा परिभाषित गरेको छ । थाइल्यान्डमा लेस्बियन, समलिङ्गी, उभयलिङ्गी वा ट्रान्सजेन्डर समुदायको जनसंख्या बढ्दो क्रममा रहेपनि अधिकारकर्मीले वर्षौंदेखी परम्परागत विश्वासका विरुद्ध लडिरहेका थिए ।



'हामी इतिहास बनाउन पाउँदा निकै गर्व गर्छौं' समलिङ्गी विवाहसम्बन्धी संसदीय समितिका सदस्य प्लाइफाह क्योका सोडलादले भने । अल जजिराको रिपोर्टअनुसार विधेयक पारित भएपछि राष्ट्रिय सभामा केहीले यो समुदायको समर्थनमा इन्द्रेणी झण्डा फहराउँदै गरेको देखिएका थिए । मार्चमा ४१५ संसदहरुमध्ये केवल १० ले विधेयकविरुद्ध मतदान गरेपछि यो विधेयक तल्लो सदनबाट सर्वसम्मतले पारित भएको थियो ।

# विपद् न्यूनीकरणका लागि पूर्वतयारी




**दमौली ।**
पछिल्लो पाँच वर्षको अवधिमा तनहुँमा विपद्बाट ५६ जनाले ज्यान गुमाए । बाढी, पहिरो, चट्याङबाट ८४ जना घाइते भए भने १० जना बेपत्ता छन् । विपद्बाट घर, गोठ, विद्यालय, सरकारी कार्यालय गरी एक हजार तीन सय ३५ भौतिक संरचनामा क्षति पुग्यो ।

त्यस अवधिमा करोडौँ मूल्यबराबरको आर्थिक नोक्सानी भयो । तनहुँ जिल्ला बाढीपहिरो, चट्याङजस्ता विपद्को उच्च जोखिममा छ । बाढीपहिरोबाट मात्रै २०७६ सालमा १२ जनाको मृत्यु, चार जना घाइते, २०७७ सालमा आठ जना मृत्यु, १५ जना घाइते, २०७८ सालमा चार जना मृत्यु, तीन जना घाइते, २०७९ सालमा दुई जना मृत्यु, दुई जना घाइते भएको जिल्ला विपद् व्यवस्थापन समितिको तथ्याङ्क छ ।

भौतिक सम्पत्तितर्फ २०७६ सालमा एक करोड २२ लाख रुपैयाँ, २०७७ सालमा दुई करोड ९५ लाख ७६ हजार रुपैयाँ, २०७८ सालमा ४१ लाख ९२ हजार पाँच सय रुपैयाँ, २०७९ सालमा ३१ लाख ६३ हजार पाँच सय रुपैयाँ, २०८० सालमा ५४ लाख ३५ हजार रुपैयाँको नोक्सानी भएको छ । विपद्बाट हुने क्षतिको न्यूनीकरणका लागि जिल्ला विपद् व्यवस्थापन समिति तनहुँ प्रतिकार्य योजना तयार गरी पूर्वतयारीमा जुटेको छ । विभिन्न प्रकोपका कारण सामाजिक तथा मानवीय जीवनमा आइपर्ने विपद्लाई थेग्न तथा हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न आवश्यक भएकाले मनसुन, शीतलहर, आगलागी, चट्याङ, महामारी, आँधी प्रतिकार्य आपतकालीन कार्ययोजना कार्यान्वयनमा ल्याइएको समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले बताए । यस वर्षको बाढी पहिरोबाट तनहुँमा सात हजार प्रभावित हुन सक्ने अनुमान गरिएको छ । गण्डकी प्रदेशमा यस वर्ष १५ हजार नौ सय ६९ घरधुरीका ७० हजार प्रभावित हुने आँकलन गरिएकामा तनहुँमा यस वर्ष पहिरालाई पहिलो जोखिमको रुपमा राखिएको गौतमले बताए । सन् २०१० देखि २०२० सम्म गृह मन्त्रालयको तथ्याङ्कको आधारमा २०८१ सालको मनसुनबाट प्रभावित हुनसक्ने जनसंख्या करिब १२ लाख ५० हजार रुपैयाँ रहेको छ । उनले भने, ‘यस वर्षको मनसुन जेठ अन्तिम साताबाट सुरु भई असोजको दोस्रो सातासम्म रहने गरी जल तथा मौसम विज्ञान विभागले अनुमान गरेको छ । विपद्को क्षति न्यूनीकरणका लागि हामी तयारी अवस्थामा जुटेका छौँ ।’ जिल्लाका चार नगरपालिका र छ गाउँपालिका पहिरोको उच्च जोखिममा छन् । पहिरोपछि बाढी, आगलागी, महामारी, सुख्खा खडेरी, सडक दुर्घटना र चट्याङ तथा हावाहुरी छन् । प्रतिकार्य योजनामा उल्लेख भएअनुसार जिल्लाका दश पालिकाका ८५ वडामध्ये ४८ वडा पहिराका जोखिममा छन् । पहिरोबाट व्यास नगरपालिकाको २ नं वडाबाहेक १३ वटै जोखिममा छन् । भानु नगरपालिका–४, ५, ६ र ७, भीमाद नगरपालिकाका–३, ५, ७, ८ र ९, शुक्लागण्डकी नगरपालिका–९ र १०, देवघाट गाउँपालिका–१, २, ३ र ४, बन्दीपुर गाउँपालिका–१, २, ४ र ५, घिरिङ गाउँपालिका–२, ३, ४ र ५, ऋषिङ गाउँपालिका–१, २, ३, ६, ७ र ८, आँबुखैरेनी गाउँपालिका–४, ५ र ६ र म्याग्दे गाउँपालिका–१, २, ३, ४, ५, ६ र ७ पहिराका उच्च जोखिममा छन् । यस्तै बाढीबाट व्यास नगरपालिका–१, २, ३, ६, ८, ९, ११ र १३, भानु नगरपालिका–१, २, ५, ६, ७, ११, १२ र १३, भिमाद नगरपालिका–१, शुक्लागण्डकी नगरपालिका–४ र ८, देवघाट गाउँपालिका–१, २, ३, ४ र ५ का नदीतटीय क्षेत्र, बन्दीपुर गाउँपालिका–६ सामीकोट क्षेत्र, घिरिङ गाउँपालिका–१ को कालीगण्डकी, मैदीखोला र सिरिङ्दी खोला किनारका बस्ती, ऋषिङ गाउँपालिका–१, ३, ४, ५, ७ र ८ का झापुटार र बेलटारका नदी किनारका बस्ती, आँबुखैरेनी गाउँपालिका–२, ४, ५ र ६ का बस्तीहरु, म्याग्दे गाउँपालिका–३ र ६ का अकला क्षेत्र उच्च जोखिममा छन् ।

गौतमले भने, ‘विपद्ले समुदायको आर्थिक, सामाजिक तथा मानवीय जीवनमा पु¥याउन सक्ने क्षतिलाई न्यूनीकरण गरी विपद्पछि छिटोभन्दा छिटो पूर्ववत् अवस्थामा ल्याउन प्रस्तुत योजना प्रभावकारी र कोशेढुङ्गा हुने अपेक्षा लिइएको छ ।’ विपद्को अवस्थामा प्रतिकार्यका लागि तनहुँमा उपलब्ध भौतिक, मानवीय र आर्थिक स्रोतलाई लेखाजोखा गरी जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वदायी भूमिकासहित कार्ययोजना तयार गरिएको उनको भनाइ छ । विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना तर्जुमाका लागि सङ्कटासन्नता र क्षमताको विश्लेषणका आधारमा आठ वटा विषयगत क्षेत्रहरु निर्धारण गरिएको छ । यो योजनाले कार्यान्वयन गर्ने संस्था र सहयोगी संस्थाहरुको भूमिका तथा जिम्मेवारीहरु स्पष्ट रुपमा पहिचान गरेको छ । विपद्को समयमा खोज तथा उद्धार एवं आपतकालीन सुरक्षा र राहत वितरण कार्यका लागि टोली तयार अवस्थामा राखिएको छ । प्रमुख जिल्ला अधिकारी गौतमको नेतृत्वमा उद्धार सहितका सामग्री तयारी अवस्थामा छ ।

नेपाली सेनाको चापाघाटस्थित कालीभञ्जन गण (इ) बाट प्रमुख सेनानी बसन्त कार्कीको नेतृत्वमा उद्धार सामग्रीसहित ८८ जनशक्ति तयारी अवस्थामा छन् । जिल्ला प्रहरी कार्यालयबाट प्रहरी उपरीक्षक अपिलराज बोहराको नेतृत्वमा उद्धार सामग्रीसहित २५ जना प्रहरी तयारी अवस्थामा राखिएको छ । त्यस्तै सशस्त्र प्रहरी बल नेपाल नम्बर २३ गण हेडक्वाटर मनकामनाबाट प्रहरी उपरीक्षक कृष्णराज अधिकारीको नेतृत्वमा ५५ जना जनशक्ति उद्धार सामग्रीसहित तयारी अवस्थामा राखिएको छ । शुक्लागण्डकी नगरपालिकाबाट प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा पाँच जना नगर प्रहरी, भानु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा एक सय ९३ जना कर्मचारी, घिरिङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा ७२ जना कर्मचारी, व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा उद्धार सामग्री, भिमाद नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा ९९ जना कर्मचारीलाई सामग्रीसहित तयारी अवस्थामा राखिएको छ ।

आँबुखैरेनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा १० जना, ऋषिङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा १५ जना, देवघाट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा तीन जना उद्धार सामग्रीसहित तयारी अवस्थामा छन् । यस्तै स्वास्थ्य कार्यालय, भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ, कृषि ज्ञान केन्द्र, सडक डिभिजन कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, यान्त्रिक कार्यालयलाई समेत आवश्यक सामग्रीसहित तयारी अवस्थामा राखिएको प्रजिअ गौतमले जानकारी दिए । निजी तथा गैरसरकारी क्षेत्रतर्फ नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य सङ्घ, नेपाल पत्रकार महासङ्घ, रिसेड, एनजिओ नेटवर्क, समाज सेवा समूह, सेतोगुराँस बालविकास समाज, निर्माण व्यवसायी सङ्घ, तनहुँ सेवा समाज, गैरसरकारी संस्था महासङ्घलगायतलाई आवश्यक सामग्रीसहित तयारी अवस्थामा रहन भनिएको छ ।

स्थानीय तहले पनि विपद्को पूर्वतयारी गरिसकेका छन् । म्याग्दे गाउँपालिकाले पालिकास्तरमा अध्यक्षको संयोजकत्वमा र वडास्तरमा वडाध्यक्षको अध्यक्षमा विपद् व्यवस्थापन समिति गठन गरेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीको भनाइ छ । अधिकारीले भने, ‘प्राकृतिक विपत्ति कतिबेला आउँछ भन्ने यकिन हुँदैन, यसलाई रोक्न सक्ने कुरा भएन, क्षति कम गर्नेतर्फ तयारी गरेका छौँ ।’ रासस

# विपद् जोखिम न्यूनीकरणमा संवेदनशील बन आग्रह




**काठमाडौँ ।**
राष्ट्रिय मानव अधिकार आयोगले विपद्जन्य घटनाको न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र व्यवस्थापनपक्षलाई थप चुस्त, सुरक्षित र प्रविधियुक्त बनाउन आग्रह गरेको छ ।

विपद् पूर्वसूचना प्रणाली मातृभाषी समुदायका लागि पहुँचयुक्त बनाउन, स्थापित पूर्वसूचना प्रणाली तथा वर्षा मापन केन्द्रहरुलाई अद्यावधिक गर्न, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको प्रभावकारी कार्यान्वयमा जोड दिन संवदेशील हुन आयोगले सङ्घीय, प्रदेश र स्थानीय तहलाई आग्रह गरेको हो । ‘वातावरण संरक्षण र विकासबीच सन्तुलन कायम गरी मानव अधिकारमुखी विकास पद्धतिको अवलम्बन गर्ने तथा बाढीपहिरोका कारण अवरुद्ध सडक खुलाउने नीति तय गर्नुपर्छ’, आयोगद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, ‘तराई मधेसको सीमावर्ती क्षेत्रमा भौतिक निर्माणबाट हुन सक्ने जोखिमको कूटनीतिक वार्तामार्फत समस्या समाधान गर्न, विपद् व्यवस्थापनमा आवश्यक न्यूनतम प्राविधिक उपकरण उपलब्ध गराउन आयोग सरकारको ध्यानाकर्षण गराउँदछ ।’ देशभर मनसुन प्रारम्भ भएसँगै यसवर्ष औषतभन्दा बढी वर्षा हुने र १८ लाखभन्दा बढी नागरिक प्रभावित हुने आकलनबाट नागरिकको जीउधनमा पर्नसक्ने जोखिमप्रति ध्यान दिन सरकारलाई आग्रह गर्दै आयोगले मनसुनजन्य विपद्को न्यूनीकरण गर्न आग्रह गरेको छ । आयोगले त्यसका लागि पूर्वतयारी, प्रतिकार्य तथा व्यवस्थापन सम्बन्धमा गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा रेडक्रसका अधिकारीहरुसँग परामर्श गरेको छ । नेपालमा पछिल्लो १० वर्षमा मनसुनजन्य विपद्को घटनाबाट तीन हजार ५२ जनाको मृत्यु, सात सय ९१ जना बेपत्ता रहेका पाइएको छ । रासस

# शुक्रबारदेखि मेलम्ची खानेपानी बन्द हुने

**काठमाडौँ ।**
मेलम्ची खानेपानी विकास समितिले बर्खायाममा मेलम्ची नदीमा पानीको बहाव बढ्दा बाढीको जोखिम बढ्न सक्ने भन्दै शुक्रबारदेखि आयोजनाअन्तर्गत सुरुङको मूलद्वार बन्द गरिने जनाएको छ ।

बागमती प्रदेशमा मनसुन सक्रिय भइसकेकाले मेलम्ची नदीमा पानीको बहाव बढी हुँदा बाढीको खतराका साथै नदी धमिलिन सक्ने भन्दै सिन्धुपाल्चोकको अम्बाथानस्थित मेलम्ची खानेपानी आयोजनाको सुरुङको मूलद्वार बन्द सम्भावना रहेको समितिले जनाएको हो । योसँगै उपत्यकावासी यही शुक्रबार (पर्सि) देखि मेलम्चीको खानेपानी प्रयोग गर्न पाउने छैनन् । मनसुन अवधिमा विपत्तिको जोखिम कायमै रहने भन्दै मनसुन कम भए मात्रै मेलम्चीको पानी उपत्यका पठाउन सुरु गर्नेगरी तयारी गरिएको खानेपानी विकास समितिका कार्यकारी निर्देशक रत्न लामिछाने बताए । मनसुनी जोखिम सकिएपछि मात्रै उपत्यकावासीले फेरि मेलम्चीको पानी उपभोग गर्न पाउने उनको भनाइ छ । मनसुनजन्य विपत्तिबाट मेलम्ची खानेपानी आयोजनाको हेर्डबक्समा हुन सक्ने सम्भावित क्षति न्यूनीकरणका लागि सरकारले वर्षा सुरु भएसँगै आयोजना बन्द गर्ने र वर्षा सकिएपछि खोल्ने गर्दै आइरहेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालमा सरदर मनसुन जुन १३ मा भित्रिने गरेकामा यो पटक तीन दिन चाँडो भित्रिएको थियो । मनसुन अक्टोबर २ मा बाहिरने गर्दछ । समितिका कार्यकारी निर्देशक लामिछाने वर्षा हुन थालेसँगै नदीमा पानीको बहाव बढेकाले आयोजनालाई बाढीको जोखिमबाट बचाउन बन्द गर्नुपर्ने सम्भावना रहेको जानकारी दिए । ‘यसअघि खासै ठूलो वर्षा भएको थिएन । वर्षा नहुञ्जेल उपत्यकावासीलाई खानेपानीको उपलब्धता गराउन बन्द गरेनौँ’, उनले भने, ‘सिन्धुपाञ्चोकतिर मनसुनी वर्षा सुरु भएर मेलम्ची नदीमा पानीको बहाव बढेको छ । शुक्रबार आयोजना अवलोकनका लागि त्यसतर्फ जाँदैछौँ । आयोजनालाई जोगाउन शुक्रबारदेखि नै बन्द गर्ने सम्भावना बढी छ ।’ बढी वर्षा भएमा मेलम्ची नदी धमिलो हुँदा आयोजनामा लेदो पस्न सक्ने खतराबाट जोगाउन बन्द गर्नुपर्ने बाध्यता आएको लामिछानेको भनाइ छ । ‘परामर्शदाता र एसियाली विकास बैङ्कले (एडिबी)ले मनसुनजन्य विपत्तिबाट आयोजनामा पुग्न सक्ने सम्भावित क्षति कम गर्न मेलम्ची बन्द गर्नुपर्ने सुझाव दिएका छन् । आयोजना बन्द गर्दा बाढीबाट हुनसक्ने क्षति न्यूनीकरण गर्न सकिन्छ । उनीहरुले आयोजना बन्द गर्न ढिलाइ भएको प्रतिक्रिया दिइरहेका छन् । उनले भने, ‘उपत्यकामा खानेपानीको अभाव देखेर जटिल अवस्था नआउञ्जेल आयोजना सञ्चालन गर्ने निर्णय गरेका थियौँ ।’ लामिछानेका अनुसार दैनिक १७ करोड लिटर पानी उपत्यकावासीलाई



वितरण गरिने भनिएकामा हाल आयोजनाबाट दैनिक २० करोड लिटर हाराहारीमा पानी वितरण भइरहेको छ । उपभोक्तालाई खानेपानीको अभाव भइरहेको बेलामा तत्काल बन्द गर्नु उपयुक्त नरहेकाले निरन्तरता दिइएको उनको भनाइ छ । मेलम्ची खानेपानी आयोजनाको मुख्य हेडबक्समा पानी थिग्र्याउने संरचनाले सुरुङमा धमिलो पानी जान पाउँदैनथ्यो । समितिका अनुसार उक्त संरचना बिग्रिएकाले नदी धमिलिने बित्तिकै आयोजना बन्द गनुपर्ने हुन्छ । कार्यकारी निर्देशक लामिछाने वर्षा बढ्न थालेको भन्दै योसँगै नदी धमिलिने खतरा बढिरहेकाले आयोजना बन्द गर्नुपर्ने बाध्यता रहेको स्पष्ट पारे । गत ३१ जेठ गते आयोजना बन्द गर्ने सरकारले निर्णय गरेको थियो । नेपालका मनसुन भित्रिए पनि पूर्वी भू–भागमा मात्रै सक्रिय भए पनि बागमतीमा ठूलो पानी नपरेपछि तत्कालका लागि आयोजना बन्द गर्न आवश्यक नरहेको भन्दै खुला राखिएको थियो । जल तथा मौसम विज्ञान विभागले यो वर्ष औसतभन्दा बढी पानी पर्ने प्रक्षेपण गरिरहेको छ । यसले बाढी पहिरोलगायत मनसुनजन्य घटनासमेत बढ्न सक्ने भन्दै समयमा सतर्कता अपनाउन विभागले सरोकार भएका सबैलाई सुझाव दिएको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशको पूर्वी भू–भागमा मनसुनी प्रणालीको प्रभाव रहेको छ भने बाँकी भू–भागमा स्थानीय वायु तथा भारतको विहार आसपास रहेको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव रहेको छ । महाशाखाका मौसमविद् सरोज पुडासैनीले कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी भू–भागमा शुक्रबारसम्म आंशिकदेखि सामान्य बदली रही बाँकी भू–भागमा आंशिक बदलीदेखि मौसम सफा रहने बताए । उनले मुलुकको पश्चिम क्षेत्रमा भने मनसुन सक्रिय भइनसकेको जानकारी दिए । दुई वर्षअघि मेलम्ची खोलामा आएको बाढीसँगै आयोजनामा बाढी पस्दा करिब दुई अर्ब रुपैयाँ बराबरको क्षति भएको गृह मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । गत साउन २८ र २९ गते बाढीले पुनः आयोजनाको संरचनामा क्षति पुगेको थियो । मनसुन सकिएपछि मेलम्ची खानेपानीको पुनःवितरण गरिने भनिएकामा गत माघ १ गतेदेखि मात्रै मेलम्चीको पानी उपत्यका पठाइएको थियो ।

**धाप ड्यामबाट दैनिक चार करोड लिटर पानी वितरण**

मेलम्ची खानेपानी आयोजना बन्द रहने अवधिसम्म वाग्मती सुधार आयोजनाअन्तर्गतको धाप ड्यामबाट पानी ल्याएर उपत्यकावासीलाई वितरण गर्नेगरी अधिकार सम्पन्न बागमती सभ्यता–एकीकृत विकास समितिसँग सहमति भएको विकास समितिका कार्यकारी निर्देशक लामिछानेले जानकारी दिए । काठमाडौँ उपत्यका खानेपानी लिमिडेटका प्रवक्ता प्रकाशकुमार राईले उपत्यकामा मेलम्चीको खानेपानी बन्द भएपछि खानेपानीको अभाव झन्झन् बढ्ने भन्दै खानेपानी आपूर्ति व्यवस्थापनलाई केही सहज गर्न धाप ड्यामबाट दैनिक चार करोड लिटर पानी ल्याउने सहमति भएको जानकारी दिए । ‘मेलम्ची खानेपानीबाहेक विभिन्न स्थानबाट सुक्खा याममा नौ करोड लिटर पानी दैनिक उपभोक्तालाई वितरण गरिरहेका छौँ । सो अवधिभर करिब ४० प्रतिशत भूमिगत पानीबाट आपूर्ति हुन्छ’, उनले भने, ‘मेलम्चीको पानी बन्द भएपछि उपत्यकामा फेरि पानीको अभाव हुन सक्छ । मेलम्चीको विकल्पमा अन्य आयोजनाको खोजी गरी तत्काल कार्यान्वयन गरिनुपर्छ ।’ प्रवक्ता राईले काठमाडौँमा दैनिक ४३ करोड खानेपानीको माग रहेको जनाउँदै आवश्यकता र मागअनुसार पानी आपूर्ति गर्न नसकिएको बताए । उपत्यकामा बढ्दो जनसंख्यासँगै भूमीगत पानी, पोखरी, ढुङ्गेधारा सुक्दै जाँदा खानेपानीको अभाव बढिरहेको उनको भनाइ छ ।

**सहतमुनिको पानी सुक्दा आपूर्तिमा समस्या**

काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम रानाले उपत्यकामा जमिनमुनिको पानी, ढुङ्गेधारा, पोखरी, इनार सुक्दै गइरहेकाले खानेपानीको अभाव पनि बढिरहेको बताए । उपत्यकामा मेलम्ची आयोजनाले खानेपानीले आपूर्ति व्यवस्थापनका साथै जमिनमुनिको पानीको सहत समेत बढाएको उनको भनाइ छ । बोर्डका अनुसार उपत्यकामा रहेका आठ सय ३७ ढुङ्गे धारामध्ये एक सय १७ लोप भइसकेका छन् । सञ्चालनमा रहेका सात सय २० मध्ये तीन सय २० सुकिसकेका छन् । ‘कतिपय ढुङ्गेधारालाई जीवित बनाउन पानीको स्रोत खन्नुपर्ने हुन्छ । यसरी स्रोत खन्दा भएका स्रोत पनि सक्ने वा हराउने जोखिम रहन्छ’, प्रवक्ता राईले भने । भू–गर्भविद् डा सुबोध ढकालले उपत्यका बढ्दो जनसंख्यासँगै जमिनमुनिको पानीको बढी आपूर्ति हुने, भौतिक पूर्वाधारको विकासका क्रममा सहतमुनि पानीको रिचार्ज नहुनेलगायत कारण सहतमुनिको पानी घट्दै गएको बताए । उनले भू–गर्भसम्बन्धी प्रभावकारी अध्ययन नभई मेलम्ची खानेपानी आयोजनाको डिजाइन तयार गरिएकाले यो समस्या आएको बताए । रासस

# पर्साका करिब ४ सय सीमास्तम्भ मर्मतसम्भार



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लास्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गणले सानाठूला गरेर करिब ४ सय सीमास्तम्भ रङरोगन तथा मर्मतसम्भार गरेको छ । सशस्त्र प्रहरी बलले मुख्य, सहायक र साना गरी ४ सय ८९ वटा सीमास्तम्भमध्ये ३ सय ९९ वटा रङरोगन तथा मर्मतसम्भार गरेको हो ।
सशस्त्र प्रहरी बल १३ नम्बर गणका गणपति राधेश्याम धिमालले नापी कार्यालयलगायत सम्बन्धीत सरकारी निकायसँगको समन्वयमा सीमास्तम्भ रङरोगन तथा मर्मतसम्भारको काम जारी रहेको बताए । पर्सामा २१ वटा मुख्य सीमास्तम्भ रङरोगन तथा मर्मतसम्भार गर्नुपर्नेमा हालसम्म १९ वटाको काम सम्पन्न भइसकेको र बाँकी २ सीमास्तम्भको पनि आवश्यक कानुनी प्रक्रिया पूरा गरेर मर्मतसम्भार गर्ने कार्य अघि बढाउने धिमालले बताए । सशस्त्र प्रहरी बलले १३ वटा सहायक सीमास्तम्भको रङरोगन तथा मर्मतसम्भार गर्नुपर्नेमा हालसम्म १२ वटाको काम पूरा भएको छ । यसैगरी चार सय ५५ वटा साना सीमास्तम्भको रङरोगन र मर्मतसम्भार गर्नुपर्नेमा हालसम्म ३ सय ६८ वटाको मर्मतसम्भार भइसकेको छ भने ८७ वटाको मात्रै रङरोगन र मर्मतसम्भार गर्न बाँकी छ । पर्सामा मुख्य, सहायक र साना गरी कुल ९० वटा सीमास्तम्भ मर्मतसम्भार गर्न बाँकी रहेको सशस्त्र प्रहरी पर्साका प्रहरी उपरीक्षक राधेश्याम धिमालले जानकारी दिए ।

# महानगरको सौन्दर्यकरण र स्वरोजगारमा जोड



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले सरसफाई, सौन्दर्यकरण सँगसँगै गरिवी निवारण र युवा स्वरोजगार कार्यक्रमलाई एक साथ अगाडी बढाउनु पर्ने कुरामा वक्ताहरुले जोड दिएका छन् । वीरगंज महानगरपालिका वडा नम्बर ५ मा बुधबार आयोजित एक अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले भौतिक विकाससँगै सामाजिक विकासलाई समेत सँगसँगै अगाडी बढाउनु पर्ने धारणा राखेका छन् । अन्तरक्रिया कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर ५ का वडा अध्यक्ष प्रदिप चौरसियाले ५ नम्वर वडालाई स्मार्ट वडा घोषणा गरिएको र वडाका सम्पूर्ण समस्यालाई एकीकृत रुपमा समाधान गर्दै वडा नेतृत्व अगाडी बढेको दाबी गरे । उनले वडाको सरसफाई, सडक, ढल नलको व्यवस्थापनसँगै महिला तथा युवा स्वरोजगार कार्यक्रमलाई प्राथमिकतामा राखिएको बताउँदै वडावासीको माग अनुरुप खानेपानी, स्वास्थ्य, शिक्षा, लगायतका आधारभूत आवश्यकता पुरा गर्ने कार्यमा आफूहरु जुटेको बताए । कार्यक्रममा वडा सदस्य मन्जु दाहालले ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचय पत्र सहज रुपमा उपलब्ध गराउन महानगरपालिका र सम्बन्धित सरोकारवाला निकायले ध्यान दिनु पर्ने कुरामा जोड दिँदै वृद्धवृद्धा, असक्त, अपाङ्गहरुलाई राज्यले थप सुविधा दिनु पर्ने कुरामा जोड दिए । त्यसैगरी वडा सदस्य मनोज कुमार साहले स्मार्ट वडाको लक्ष्य अनुरुप आफूहरुले वडालाई प्रविधिमैत्री बनाउँदै गएको बताए । कार्यक्रममा वडा सचिव अरुण कुमार बस्नेतले वडाबाट प्रदान गरिने सिफारिस, मृत्युदर्ता, जन्मदर्ता, नाताप्रमाणित लगायतका सेवा सुविधालाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताउँदै जनप्रतिनिधि र कर्मचारीबीच कुनै विवाद नरहेको स्पष्ट पारे । त्यसैगरी अन्तरक्रिया कार्यक्रममा सहभागि स्थानीय समाजसेवी एवम् शिक्षाविद् केशव भण्डारीले खानेपानीको व्यवस्थापन र विजुली तथा इन्टरनेट टेलिफोनको तार अण्डरग्राउण्ड गरी वडाको सौन्दर्यकरण गर्नु पर्ने कुरामा जोड दिए । सो अवसरमा सृजनशील आमा समूहकी सदस्य सरिता वर्णवालले महानगरले प्रदान गरेको सेवा सुविधा सन्तोषजनक रहेको टिप्पणी गरे । कार्यक्रममा स्थानिय युवा सुबोध कुमार वर्णवालले युवा स्वरोजगार कार्यक्रमका साथै खेलकुदको क्षेत्रमा महानगरपालिकाले लगानी थप गर्नु पर्ने कुरामा जोड दिए ।

# असार ८ देखि महानगरको नगरसभा हुने



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको नगरसभा असार ८ देखि १० गतेसम्म हुने भएको छ । मंगलबार बसेको महानगरपालिकाको कार्यपालिका बैठकले नगरसभा असार ८ देखि १० गतेसम्म गर्ने निर्णय गरेको हो । कार्यपालिकाको बैठकमा वडाध्यक्षहरूको तीन सूत्रीय माग सम्बोधन भएपछि नगरसभाको मिति तोक्न सहमति भएको हो । बैठकमा वडाध्यक्षहरूले यसअघि उठाएका तीन सूत्रीय मागमध्ये वडाको बजेट वृद्धि गर्ने विषयमा ३८ प्रतिशतले वृद्धि गर्ने सहमति भएको छ । यसैगरी, वडाध्यक्षहरूले वडाको बजेट वडाबाट खर्च गर्न पाउनुपर्ने मागलाई सम्बोधन गर्न महालेखापरीक्षकलाई लेखी पठाएर स्वीकृति लिने निर्णय पनि गरिएको छ । सरसफाइको सन्दर्भमा भने असार मसान्तसम्म यथास्थितिमा राखिने र त्यसपछि निर्णय गरिने बताइएको छ । वडाध्यक्षहरूले वडास्तरको सफाई वडापालिकाको कार्यालयबाट गरिनुपर्ने र त्यसका लागि पाँचजना सफाइकर्मी र एकजना ट्याक्टर चालकको व्यवस्था गर्नुपर्ने माग राखेका थिए । बैठकले यथार्थपरक बजेट ल्याउने निर्णय पनि गरेको छ । आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेट एक अर्ब ८४ करोडभित्र हुने अनुमान गरिएको छ । यो नगरसभाले वीरगंज महानगरपालिकाको विकासका विभिन्न महत्वपूर्ण योजनाहरूलाई अघि बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# भवन भत्काउने कार्यप्रति कालिकामाई गाउँपालिकाको आपत्ति




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको कालिकामाई गाउँपालिकाको वडा नंबर २ गदियानीस्थित गाउँपालिकाको कृषि तथा पशु उपशाखाको कार्यालय संचालन रहेको भवन भत्काउने कार्य प्रति गाउँपालिका कार्यालयले आपत्ति जनाएको छ ।
गाउँपालिकाका अध्यक्ष वशिष्ठ कुमार गुप्ताले एक विज्ञप्ती जारी गर्दै गाउँपालिकाको समन्वय विना प्रमुख जिल्ला अधिकारीको निर्देशन भन्दै प्रहरीले बल प्रयोग गर्दै डोजर लगाएर भवन भत्काएकोमा आपत्ति जनाएका हुन् । मुलुकी देवानी संहिता २०७४ ले सरकारी सार्वजनिक सम्पतीको संरक्षण गर्ने दायित्व जिल्ला स्थित प्रशासन कार्यालय र स्थानीय तहको हुने कानुनी व्यवस्था गरेको हुदाँ पनि स्थानीय तहको समन्वय बेगर बिना लिखित सूचना बिदाको दिन एक्कासी ठूलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले डोजर लगाएर भवन भत्काउने कार्यले जिल्ला प्रशासन कार्यालयबाट स्थानीय तहको अधिकार कुण्ठित भएको गाउँपालिकाको ठहर रहेको अध्यक्ष गुप्ताले बताए । गाउँपालिकाको भवन भत्काउने क्रममा स्थानीय गाउँबासीहरुले विरोध गर्दा पनि प्रहरीले बल प्रयोग गर्दै स्थानीयबासीमाथि गरेको ज्यादतीको घोर भत्सर्ना गरेको विज्ञप्तीमा भनिएको छ । गाउँपालिकाको स्वामित्वमा आईसकेको भवन एक्कासी विना सूचना भत्काउँदा भवनको साथसाथै भवनभित्र रहेको फर्निचर, दराज, फ्रिज लगायत कार्यालयको विभिन्न सामग्रीहरु गरी करिब २० लाख बराबरको क्षति भएको गाउँपालिकाले जनाएको छ । भवन भत्काउँदा त्यसको इँटा लगायतको सामग्रीहरु कहाँ राखिएको बारे पनि गाउँपालिकालाई जानकारी नगराइएको गाउँपालिका अध्यक्ष गुप्ताले बताए ।

# आधारभूत स्वास्थ्य र विशिष्टिकृत सेवा हाम्रो प्राथमिकताः स्वस्थ्यमन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले आधारभूत स्वास्थ्य सेवा र विशिष्टिकृत सेवा सबल बनाउन मन्त्रालयले दत्तचित्त भएर काम गरिरहेको बताएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकमा विनियोजन विधेयक २०८१ अन्तर्गत स्वास्थ्य मन्त्रालयका विनियोजित शीर्षकबारे छलफलमा उठेको प्रश्नको जवाफ दिँदै मन्त्री यादवले संविधानले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रुपमा स्थापित गरेकाले त्यसको कार्यान्वयनका लागि सरकार प्रतिबद्ध रहेको बताए । उनले सबै नागरिकमा स्वास्थ्य सेवाको पहुँच पु¥याउन सरकारको नीतिअनुसार मन्त्रालयले आवश्यक कार्य गरिरहेको बताए । उनले भने, 'पछिल्ला वर्षमा स्वास्थ्य सेवाको पहुँच बढिरहेको छ । भौतिक पूर्वाधार निर्माणमा सोचेअनुरुप काम नभए पनि धेरै उपलब्धि हासिल गरेका छौँ, थप कार्य गर्न मन्त्रालय दृढ छ । यसका अतिरिक्त जटिल रोगका उपचार र सरकारी अस्पतालमा विशेषज्ञ सेवा विस्तारका योजनावद्ध रुपमा काम अगाडि बढाइएको छ ।' मन्त्री यादवले अस्पताल तथा फार्मेसीको चुस्त व्यवस्थान गरी भीड व्यवस्थित गर्न, शल्यक्रिया, बहिरङ्ग सेवा (ओपिडी) लगायत सेवालाई सहज र सरल बनाउन अनुगमन गरी समस्या पहिचान तथा समस्या समाधानका लागि कमिटी गठन गरी काम सुरु गरेको जानकारी दिए । ओपिडीको लामो लाइन व्यवस्थित गर्न यो वर्षको बजेटमा सङ्घीय ठूला अस्पतालमा दुई सिफ्ट ओपिडी सञ्चालन गर्ने व्यवस्था मिलाउनुका साथै स्वास्थ्य बीमामार्फत पाइने औषधि तथा पूर्णरुपमा पाउने अवस्था बनाउन मन्त्रालय गम्भीर रहेको उनको भनाइ थियो । औषधि खरिद प्रक्रिया र औषधि गुणस्तरको ग्यारेण्टीका विषयमा उनले भने, 'अहिले जुन प्रणाली छ पक्कै पनि गुणस्तरमा कहि न कहीँ समस्या छ, त्यसमा जनशक्ति र प्रयोगशाला कमीजस्ता कारणहरु छन् । समस्या समाधानका लागि सातै प्रदेशमा प्रयोगशाला निर्माण गरी परीक्षण तथा औषधिको गुणस्तर जाँच गर्ने हाम्रो योजना छ ।'
मन्त्री यादवले निर्माणका चरणमा रहेका आधारभूत अस्पतालको शीघ्र निर्माण गर्न मन्त्रालयले व्यवस्थापकीय कार्य गरिरहेकोसमेत जानकारी दिए । 'छ सय ५५ स्थानीय तहमा निर्माण गरिने पाँच, १० र १५ श्ययाका आधारभूत अस्पतालमध्ये पहिलो चरणमा तीन सय ९६, दोस्रोमा दुई सय ५९ को निर्माणकार्य अघि बढेको छ । चार सय १३ वटा अस्पतालमा निर्माणका चरणमा छन्, ४७ वटा निर्माण भइसकेका छन् । आगामी आवमा थप ५० वटा अस्पताल निर्माण सम्पन्न हुने छन्', उनले भने ।
मन्त्री यादवले दिएको जवाफको स्पष्टीकरण माग गर्दै सांसदहरु रामहरि खतिवडा, बीना लामा, सीता मिजार, रोशन कार्की, डा तोसिमा कार्की, जावेदा खातुन जागा, अशोककुमार चौधरी, रञ्जुकुमारी झा, ठाकुर गैरे, प्रेम सुवाल, सपना राज भण्डारी, दीपा शर्मालगायतले आफ्ना धारणा राखेका थिए ।
उनीहरुले सुझावबारे स्पष्ट जवाफ नआएको र केहीको धारणा नसमेटेको गुनासो गरे । प्रतिनिधिसभाको बैठकमा स्वास्थ्य मन्त्रालयसहित आठ मन्त्रालयका विनियोजित शीर्षकमाथि उठेका प्रश्नबारे मन्त्रीहरुले जवाफ दिने कार्यसूची थियो तर अन्य मन्त्रीले बुधबार जवाफ दिन पाएनन् ।
मन्त्रालयसँग सम्बन्धित काम विशेषले अन्य मन्त्रीले जवाफ दिने कार्यसूची कारणबस हटाइएको र अर्को बैठक असार ६ गते बिहीबार बिहान ११ बजे बस्ने गरी स्थगित भएको सभामुख देवराज घिमिरेले जानकारी गराए ।

# सुनितालाई 'डा. बाबा साहेब इन्टरनेशनल अवार्ड'



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
तराई मधेश महिला फाउन्डेशनकी अध्यक्ष सुनिता कुमारी साह 'डा.अम्बेडकर बाबा साहेब' अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित भएकी छन् । उनलाई ग्लोबल ह्युमन राइट्स प्रोटेक्शन फोरमले १७ जुनमा नयाँदिल्लीमा आयोजित एक समारोहमा सम्मान गरेको हो । त्यसैगरी मधेशी दलित गैरसरकारी संस्था महासंघ, नेपालका राष्ट्रिय अध्यक्ष नरेन्द्र पासवानलाई भारतरत्न डा. भीम राव अम्बेडकर सम्मान, एपी अब्दुल कलाम आजाद पुरस्कार अनवर अली, भगवान बुद्ध पुरस्कार बृजभूषण कुशवाहा, डा. अम्बेडकर राष्ट्रिय पुरस्कार वीरेन्द्र कुमार गुप्ता, माता रमाई अम्बेडकर राष्ट्रिय पुरस्कार पुरुषोत्तम दास र ज्योति बाई फुले पुरस्कार गीता पासवानलाई प्रदान गरिएको हो । काशीराम पैठानेको अध्यक्षतामा भएको कार्यक्रममा सबैलाई स्मृति चिन्ह र प्रशंसापत्रले सम्मान गरिएको थियो ।

# गुठी जग्गा अतिक्रमण प्रति सांसदको चिन्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले जनकपुरमा गुठीको जग्गा अतिक्रमणमा परेको भन्दै प्रतिनिधि सभाको बैठकमा चिन्ता व्यक्त गरेका छन् । उनले जनकपुरको जग्गा अतिक्रमणमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन माग गरे ।
यसअघि उपप्रधान तथा गृहमन्त्री लामिछानेले पनि यो विषयमा अनुसन्धान भइरहेको बताएका थिए । गृह मन्त्रालय सम्हालेको एक सय दिन पुगेको अवसरमा उनले वृहत्तर जनकपुर क्षेत्रको जग्गा अतिक्रमणका विषयमा अनुसन्धान सुरु गरिएको जानकारी दिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन